# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०४ | काठमाडौं | आइतबार, २१ फागुन २०७९ | Prabhab National Daily | Sunday, March 05, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


एलडिसिज सम्मेलनमा उपप्रधानमन्त्री श्रेष्ठ

## 'अल्पविकसित मुलुकहरूका लागि सहयोग बढाऊ'




■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले अल्पविकसित मुलुकहरूका लागि सहयोग बढाउन आह्वान गरेका छन् । कतारको दोहामा सुरु भएको अतिकम विकसित मुलुक (एलडिसिज)को पाँचौं सम्मेलनलाई सम्बोधन गर्दै उनले अर्थतन्त्रले महामारी, द्वन्द्व र जलवायु प्रकोपजस्ता ठूला विश्वव्यापी संकटको आक्रमण सामना गरिरहेको उल्लेख गरे ।

उपप्रधानमन्त्री श्रेष्ठले जलवायु संकटको सबैभन्दा बढी सिकार अल्पविकसित राष्ट्र भएको उल्लेख गर्दै न्यायका लागि अनुकूलन, न्यूनीकरण, हानी नोक्सानीका लागि गरिएको जलवायु वित्त प्रतिबद्धता पूर्णरूपमा परिचालन गरिनुपर्नेमा जोड दिए ।

अल्पविकसित देशलाई हरित र लचिलो उद्योग, शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधि र कृषिमा ठूलो लगानीको आवश्यकता रहेको उनले बताएका छन् । उनले धेरै संकटको सामना गर्दा, अल्पविकसित देशलाई ठूलो लगानीको आवश्यकता रहेको धारणा व्यक्त गरे ।

अतिकम विकसित मुलुकलाई ऊर्जा, यातायात, र डिजिटल जडानको लागि गुणस्तरीय, दीगो र लचिलो पूर्वाधार चाहिने उल्लेख गर्दै उनले समाजको सबैभन्दा कमजोर समूहको कल्याण र सुरक्षाका लागि र मानव संसाधन क्षमताको विकास र उपयोग गर्न बलियो सामाजिक सुरक्षा र लचिलो स्वास्थ्य प्रणाली चाहिने आवश्यकता औंल्याए ।

उपप्रधानमन्त्री श्रेष्ठले भने, 'हामी किन र कसरी गरिबी र अल्पविकासको निरन्तरताबाट पीडित भइरहने भन्ने हाम्रोसामु ठूलो प्रश्न छ, अतिकम विकसित मुलुकले बलियो औद्योगिक क्षमता, राम्रो उत्पादक र विस्तारित निर्यात आधारको साथ आफ्नो अर्थतन्त्रको संरचना परिवर्तन गर्न आवश्यक छ ।'

अतिकम विकसित मुलुकमा सरल पहुँचको साथ डिजिटललगायत प्रविधि हस्तान्तरणलाई (**बाँकी पृष्ठ २ मा**)

# मतपत्रमा भावी राष्ट्रपति

■ जेबी योञ्जन


**काठमाडौं–** निर्वाचन आयोगले मतपत्रमै गणतन्त्र नेपालको तेस्रो राष्ट्रपतिका उम्मेदवारहरूको तस्बिर राखेको छ । अघिल्ला निर्वाचनहरूमा यस्तो गरिएको थिएन । आयोगले गरेको यो नौलो अभ्यास हो ।

आगामी बिहीबार हुने राष्ट्रपति निर्वाचनमा मत बदर नहोस् भनेर आयोगले पहिलोपटक तस्बिरसहितको मतपत्र प्रकाशन गरेको आयोगका सहायक प्रवक्ता ऋषिराम भुसालले बताए । 'राष्ट्रपतीय निर्वाचनमा यसअघि यस्तो थिएन । पहिलोपटक फोटोसहितको मतपत्र यसपालि तयार गर्‍यौं,' उनले *प्रभाव*सँग भने, 'मत बदर नहोस् भनेर यसो गरेका हौं ।'

आयोगले वेबसाइटमार्फत सार्वजनिक गरेको मतपत्रको माथि रामचन्द्र पौडेलको तस्बिर छ । पौडेलको तस्बिर मुनि सुवासचन्द्र नेम्बाङको तस्बिर छ । वर्णानुक्रमअनुसार यसरी उम्मेदवारका तस्बिर राखेको आयोगले जनाएको छ ।

पौडेल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाको तर्फबाट राष्ट्रपतिका साझा उम्मेदवार हुन् । नेम्बाङचाहिँ नेकपा एमालेका राष्ट्रपति उम्मेदवार हुन् ।

दुवै उम्मेदवारले निर्वाचनमा मत मागिरहेका छन् । उनीहरूलाई प्राप्त मत बदर नहोस् भन्ने उद्देश्यले आयोगले भने मतपत्रमै उनीहरूको तस्बिर राखेको हो । अघिल्लोपटक मतपत्रमा उम्मेदवारको निर्वाचन चिह्न मात्रै राखिएको थियो । त्यसबेला केही




निर्वाचनबाट पहिलो चरणमै निर्वाचित हुन ५० प्रतिशतभन्दा बढी मतभार कुनै पनि उम्मेदवारले प्राप्त गर्नुपर्ने राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐनमा उल्लेख छ । सोही ऐनमा यदि कुनै पनि उम्मेदवारले त्यसअनुसार मतभार प्राप्त नगरेको अवस्थामा दोस्रो चरणमा प्रतिस्पर्धा हुने र जसले बढी मतभार प्राप्त गर्छ, सोही उम्मेदवार निर्वाचित हुने प्रावधान रहेको छ ।

- बदर मत शून्यमा झार्न उम्मेदवारको तस्बिरसहितको मतपत्र
- पहिलो कोठामा पौडेल र दोस्रो कोठामा नेम्बाङको नामसहितको तस्बिर भएको मतपत्र

सांसदको मत बदर भएको थियो । बदर मत शून्यमा झार्न आयोगले यस्तो प्रयास गरेको भुसालले बताए ।

उनका अनुसार राष्ट्रिय सभा र प्रतिनिधिसभा सदस्यहरूले मतदान गर्ने मतपत्र सेतो पृष्ठभूमिमा गुलाबी रङको छ । प्रदेशसभा सदस्यले मतदान गर्ने मतपत्र सेतो पृष्ठभूमिमा हरियो रङको छ । पहिलो कोठामा पौडेलको फोटोसहितको मतपत्र र दोस्रो कोठामा नेम्बाङको नामससहितको तस्बिर हुने भएको छ । मतदाताहरूले उम्मेदवारको फोटो र नामसँगको कोठामा मत चिह्न लगाउनुपर्ने नियम छ ।

उनीहरूलाई मत दिने मतदाता (सांसद)हरूको संख्या ८८२ जना छन् । मतदाताको रूपमा आयोगले उनीहरूको नामावली यसअघि नै सार्वजनिक गरिसकेको छ । मनाङबाट निर्वाचित कांग्रेस सांसद टेकबहादुर गुरुङ भ्रष्टाचारसम्बन्धी मुद्दामा दोषी ठहरिएका छन् । त्यही भएर आयोगले उनको नाम राष्ट्रपति निर्वाचनमा मतदाताको रूपमा सार्वजनिक गरेन ।

चितवन-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रवि लामिछानेको भने अवैधानिक नागरिकताको आधारमा निर्वाचित भएको ठहर सर्वोच्च अदालतले गरेपछि सांसद पद खारेज भएको छ ।

यी दुई जनाको नाम राष्ट्रपति निर्वाचनको मतदाता सूचीमा समावेश नगरी आयोगले मतदाताहरूको नामावली समावेश गरेको हो । तर, समावेश भएकोमा भने हालै निधन भएकी जनता समाजवादी पार्टीकी सांसद सहनाज रहमानको नाम पनि छ । मतदाताको अन्तिम नामावली प्रकाशन भएको केही दिनमा उनको निधन भएको थियो ।

यसकारण मतदाताहरू राष्ट्रिय सभाका ५९ जना, प्रतिनिधिसभाका २७२ जना र प्रदेशसभाका ५५० जना गरी ८८१ जना छन् । यिनै मतदाताले राष्ट्रपतिका उम्मेदवारद्वय पौडेल र नेम्बाङको तस्बिर अंकित मतपत्रमा मतदान गर्ने छन् । उनीहरूले गरेको मतभारका आधारमा दुईमध्ये एक जना उम्मेदवार तेस्रो राष्ट्रपतिका लागि निर्वाचित हुने छन् ।

तर, मतदाता (सांसद)हरूको मतभार भने समान छैन । प्रदेश सांसदको मतभार ४८ छ । राष्ट्रिय सभा र प्रतिनिधिसभाका सांसदको ७९ छ । यो मतभारको अर्थ प्रदेश सांसदले ४८ हजार जना नेपाली नागरिक र राष्ट्रिय सभा/प्रतिनिधिसभाका सांसदले ७९ हजार नेपाली नागरिकको प्रतिनिधित्व गर्छ भन्ने हो । यसरी निर्धारण गरिएको मतभार जसले बढी पाउँछ, सोही राष्ट्रपतिका उम्मेदवारको जित हुने हुन्छ ।

राष्ट्रपति निर्वाचन २५ फागुनमा हुँदै छ । निर्वाचन अधिकृतको कार्यालयले उक्त दिन १० बजेदेखि ३ बजेसम्म मतदानको समय निर्धारण गरिएको छ । मतदानका लागि सांसदहरू नयाँ (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# छलफलपछि मात्रै विवरण बुझाउने संघको निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्ना सदस्यहरूलाई तत्काल वैदेशिक रोजगार विभागबाट माग भएअनुसारको विवरण नबुझाउन परिपत्र जारी गरेको छ । विभागले माग गरेको विवरण हरेक आर्थिक वर्षको अन्त्यमा बुझाउने गरेको र आवश्यक विवरण बिभागमा नै हुने हुँदा आवश्यक छलफलपछि मात्रै निर्णय गरिने संघको परिपत्रमा उल्लेख गरिएको छ ।

संघले वैदेशिक रोजगार ऐन संशोधन तथा मलेसिया तथा खाडी मुलुकमा कामदार पठाउँदा लिइने सेवा शुल्क परिमार्जन गर्न पटक-पटक वैदेशिक रोजगार विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा जानकारी गराउँदासमेत कुनै सुनुवाइ नभएको जनाएको छ । २०७२ असार २१ गतेको राज्य मन्त्रिस्तरीय निर्णयको विभागबाट भएको निरन्तर कार्यान्वयनप्रति असन्तुष्टि जनाउँदै संघले राखेको माग बेवास्ता गरिएको र 'फ्रि भिसा, फ्रि टिकट'मा कामदार पठाउन बाध्य पारिएको भन्दै आवश्यक छलफल गर्नुपर्नेमा जोड दिएको छ ।




'फ्रि भिसा, फ्रि टिकट' कार्यान्वयन गर्न विभागले वैदेशिक रोजगार व्यवसायीहरूलाई जानकारी दिँदै २०७९ फागुन १५ गते विवरण बुझाउन सूचना जारी गरेको थियो । यद्यपि, संघले आवश्यक छलफलपछि मात्रै विवरण बुझाउने निर्णय गरेको छ । नेपाल सरकारबाट आएका नीति नियम र निर्णयहरू पूर्णरूपमा पालना गर्दै वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिहेको भन्दै समयसापेक्ष कानुनहरू पुनरवलोकन हुनुपर्ने संघका महासचिव मेघनाथ भुर्तेलले बताए । व्यावहारिक कठिनाइ हल गर्नु सरकारको दायित्व भए पनि इजाजतपत्र प्राप्त गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई अप्ठ्यारो पार्ने काम भइरहेको उनले बताए ।

व्यावहारिक कठिनाइ हल गर्नु सरकारको दायित्व भए पनि इजाजतपत्र प्राप्त गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई अप्ठ्यारो पार्ने काम भइरहेको व्यवसायीको भनाइ

# साउदीमा थप ११६ जनालाई 'एक्जिट भिसा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्यामा परी कठिनाइ झेलिरहेका थप ११६ जना नेपाली कामदारले 'एक्जिट भिसा' (बहिर्गमन) पाएका छन् । साउदीको अध्यागमन कार्यालयले लागू गरेको नयाँ नियमानुसार हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ११६ जनाले उक्त भिसा पाएका हुन् ।

साउदी अध्यागमनले लागू गरेको नियमानुसार एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छोडी सक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । यसरी एक्जिट भिसा प्राप्त हुने कामदारहरूमा हुरुब लागेका विभिन्न समयमा रियादबाट प्रोसेसिङ गरेका ३२ जना र इकामा नभएका ४३ जना छन् भने दमामबाट प्रोसेसिङ गरेकाहरूमा ३१ जना हुरुब लागेका र १० जना इकामा नभएकाहरू रहेको दूतावासले उल्लेख गरेको छ ।

हुरुब लागेका र इकामा नभएका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै एक्जिट भिसाको म्याद हेर्न पनि दूतावासले अनुरोध गरेको छ । एक्जिट भिसाको सम्बन्धमा आफ्नो मोबाइलमा सन्देश प्राप्त हुने भन्दै दूतावासले त्यसको जानकारी नआए दूतावासबाट एक्जिट भिसाको पेपर लैजान सकिने जनाएको छ । आफूले एक्जिट भिसा पाए/नपाएको हेर्नका लागि दूतावासको आधिकारिक फेसबुक पेज वा वेबसाइटमा हेर्न सकिने बताइएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीं कतै बुझाउनु नपर्ने दूतावासले उल्लेख गरेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालसँग मात्रै हुने दूतावासले जानकारी दिएको छ । चालु आर्थिक वर्षको सात महिनाको अवधिमा पटक-पटक गरी झण्डै एक हजार ७०० को हाराहारीमा साउदीले नेपाली कामदारहरूलाई एक्जिट भिसा दिएको दूतावासको तथ्यांकले देखाएको छ ।






(बाँकी पृष्ठ २ मा)

# पर्यटकको चहलपहलले ठमेलका व्यवसायी उत्साहित

■ अच्युत रेग्मी

**काठमाडौं–** संघीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय क्षेत्र ठमेललगायत नेपालका विभिन्न क्षेत्रमा पर्यटकको चहलपहल र आगमन बढ्न थालेको छ । कोरोना महामारीबाट थला परेको ठमेललगायत देशभरका पर्यटकीय गन्तव्यमा विस्तारै पर्यटकीय चहलपहल बढ्न थालेको हो ।

अहिले काठमाडौंको ठमेल क्षेत्रमा विस्तारै विदेशी पर्यटक देखिन थालेका छन् । ठमेल क्षेत्रका सडकमा पर्यटक देखिन थालेसँगै लामो समयदेखि तनावमा रहेका पर्यटन व्यवसायीमा आशा जाग्न थालेको छ ।

ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष निलहरि बाँस्तोला पर्यटक आवागमनसँगै नेपालको पर्यटन उद्योगमा केही आशा पलाएको बताउँछन् । 'लामो समय कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्रमा पर्यटक आएसँगै खुसी छाएको छ,' उनी भन्छन् । विश्व सम्पदा सूचीमा रहेका नेपालका पर्यटकीय क्षेत्रलाई व्यवस्थित गरेर जतिसक्दो पर्यटक भित्र्याएर राज्यले फाइदा लिनुपर्ने उनको भनाइ छ । ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्मा अहिले ठमेलमा विदेशी पर्यटक बढ्न थालेको बताउँछन् । 'ठमेलका भित्री गल्लीमा विस्तारै विदेशी पर्यटक देख्न थालिएको छ,' उनी भन्छन् । ठमेलमा ८० प्रतिशत व्यापार बाह्य पर्यटकबाट र २० प्रतिशत व्यापार आन्तरिक पर्यटकबाट हुने गरेको छ । ठमेल क्षेत्रमा एक हजारभन्दा बढी होटल रहेका छन् ।

ठमेलको चारतारे होटल रमदा इन्कोरका सञ्चालक गोपाल पंगेनी पर्यटन मौसम सुरु भएसँगै आफ्नो होटलमा बुकिङ गर्ने पर्यटकको संख्या बढेको बताउँछन् । अंग्रेजी पात्रोअनुसार मार्च, अप्रिल र मे महिनालाई नेपालमा पर्यटकीय मौसमका रूपमा लिने गरिन्छ । काठमाडौं महानगरपालिका-१६ ठमेलमा ९२ कोठासहित सञ्चालनमा रहेको रमदा होटलमा मार्चमा ७० प्रतिशत, अप्रिल र मेमा ९० प्रतिशत कोठा बुकिङ भएका छन् । सोही होटलका महाप्रबन्धक महेश फुँयाल ठमेलमा पर्यटकीय गतिविधि विस्तारै बढ्दै गएको बताउँछन् । 'एक महिना पहिलेभन्दा अहिले होटलमा आउने स्वदेशी तथा विदेशी पाहुना बढेका छन्,' उनी भन्छन् । अब विस्तारै नेपालको पर्यटन क्षेत्रले गति लिने उनको अपेक्षा छ ।

ठमेलमा रात्रिकालीन मनोरञ्जन गर्ने पाहुना खचाखच हुन थालेका छन् । शुक्रबार र शनिबार भने ठमेलमा थप चहलपहल हुँदै आएको छ । व्यावसायिक घराना, पारिवारिक जमघटदेखि युवापुस्ताको रात्रिकालीन जीवनशैलीसँग जोडिएको ठमेलका क्लब पुनः व्यावसायिक बाटोमा फर्किन थालेका छन् ।

ठमेलमा रात्रिकालीन व्यवसाय सञ्चालन गर्दै आएका द सर्ट स्टेसन रेस्टुराँ एण्ड बारका सञ्चालक धर्मराज पनेरु रातिको समयमा ठमेलमा मनोरञ्जन गर्न आउने विदेशी पाहुनाको संख्या बढेको बताउँछन् । 'पछिल्लो १५ दिनदेखि रात्रिकालीन व्यवसाय क्रमशः राम्रो हुँदै गएको छ, यसले हामी व्यवसायीमा खुसी छाएको छ,' उनी भन्छन् । ठमेल क्षेत्रमा छ हजारभन्दा बढी व्यक्तिले व्यापार व्यवसाय गर्दै आएका छन् ।

नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२३ को फ्रेबुअरीमा हवाईमार्ग भएर ७३ हजार २५५ पर्यटकले नेपाल भ्रमण गरेका छन् । जनवरीमा ५५ हजार ७४ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । अघिल्लो वर्ष सन् २०२२ को फ्रेबुअरीमा १९ हजार ७६६ पर्यटकको नेपाल आगमन भएको थियो । सन् २०२१ को सोही महिनामा नौ हजार १४६ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

पछिल्ला दिनमा विदेशी पर्यटक आगमन उत्साहवर्द्धक रहेको नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने बताउँछन् । फ्रेबुअरीमा भारतबाट १८ हजार ४०१ पर्यटक आए । अमेरिकाबाट सात हजार ८८७ पर्यटकले नेपाल भ्रमण गरेका छन् । त्यस्तै थाइल्याण्डबाट चार हजार ८०२, दक्षिण कोरियाबाट तीन हजार २४६, अस्ट्रेलियाबाट दुई हजार ९६९, चीनबाट दुई हजार २६६, म्यानमारबाट दुई हजार २३२, श्रीलंकाबाट दुई हजार ११७ र जर्मनीबाट दुई हजार १०८ पर्यटक नेपाल भित्रिएका छन् । पछिल्लो तथ्यांकले महामारीपछि फ्रेबुअरीमा हालसम्मकै उल्लेख्य संख्यामा पर्यटक आएको देखिन्छ । कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको संख्या सन् २०२२ मा भने केही बढेको थियो । उक्त वर्ष छ लाख १४ हजार १४८ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ पर्यटक नेपाल आएका थिए । सन् २०२० मा दुई लाख ३० हजार ८५ पर्यटक नेपाल भित्रिएका थिए । त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार ९६२ पर्यटकले नेपाल भ्रमण गरेका थिए । *रासस*

## अल्पविकसित...

पृष्ठ १ बाट जारी

सुनिश्चित गरिनुपर्ने बताउँदै उनले विकासशील विश्वको आवाज र प्रभावकारी सहभागिता सुनिश्चित गर्न विश्व आर्थिक र वित्तीय प्रणालीलाई न्यायपूर्ण र समतामूलक बनाउन साहसी कदम चाल्नुपर्ने बताए ।

उपप्रधानमन्त्री श्रेष्ठले नेपाललाई अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि प्रक्रिया सहज र दिगो बनाउन नेपाल सरकारले आवश्यक काम गरिरहेको बताउँदै सहयोगको अपेक्षा गरे । उपप्रधानमन्त्री श्रेष्ठ नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, राष्ट्रिय सभा सदस्य जितेन्द्रनारायण देव, नेपाल सरकारका सचिव, कतारका लागि नेपाली राजदूतलगायत सहभागी छन् ।

## मतपत्रमा...

पृष्ठ १ बाट जारी

बानेश्वरस्थित संसद् भवनमा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालयमा जानुपर्नेछ । मतदान भएपछि सोही दिन मत परिणाम आयोगले सार्वजनिक गर्ने जनाएको छ ।

निर्वाचनबाट पहिलो चरणमै निर्वाचित हुन ५० प्रतिशतभन्दा बढी मतभार कुनै पनि उम्मेदवारले प्राप्त गर्नुपर्ने राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐनमा उल्लेख छ । सोही ऐनमा यदि कुनै पनि उम्मेदवारले त्यसअनुसार मतभार प्राप्त नगरेको अवस्थामा दोस्रो चरणमा प्रतिस्पर्धा हुने र जसले बढी मतभार प्राप्त गर्छ, सोही उम्मेदवार निर्वाचित हुने प्रावधान रहेको छ ।

तर, राष्ट्रपतिका उम्मेदवार पौडेललाई समर्थन गरेका दलहरू र ती दलहरूसँग भएका सांसदहरूको संख्यालाई आधार मान्दा भने पहिलो चरणमै राष्ट्रपति निर्वाचित हुनेगरिको मतभार पौडेलले पाउन सक्ने देखिएको छ । किनभने पौडेललाई समर्थन गरेका दलहरूका मतभार साढे ३१ हजारभन्दा बढी छ । जबकि, निर्वाचन जित्न २६ हजार ३५४ मतभार आवश्यक हुन्छ ।

र, नेम्बाङलाई आफ्ना दल एमालेबाहेकका दलले निर्वाचनमा समर्थन गर्ने आश्वासन अहिलेसम्म दिएको छैन । उनको दलसँग १५ हजार २३३ मतभार छ । उनलाई जित्न भने करिब ११ हजार मतभार आवश्यक पर्छ । नेम्बाङले मत भने रास्वपा, राप्रपा, नेकपा एस, लोसपा, नाउपालगायत दलसँग मागेका छन् । तर, कुनै पनि दलले औपचारिकरूपमा समर्थन गर्ने भनेर निर्णय गरेका छैनन् ।


# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पुर्व स्वीकृति मिति २०७८/११/१९ LT. No. 281759 चलानी नं.६०१९७५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equ. Driver | 3 | 0 | 3000 | १०८०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | heavy vehical driver | 2 | 0 | 2200 | ७९२३४ | | | | | | | |

कम्पनी : GATEWAY QATAR W.L.L.

पूर्व स्वीकृति मिति २०७९/११/१९ LT. No. 281905 चलानी नं.६०१९७५२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 10 | 0 | 1000 | ३६०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २८ गते (12th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUANTUM SUPPLIES (M) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/११/१८ LT No :281917 चलानी नं. ६०१९७४४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४४,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २८ गते (12th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np


# Baijanath Rural Municipality
## Office of Municipal Executive
### Rampur-05,Banke
### Lumbini Province, Nepal

# *Invitation for Bids*

First Date of publication: 2079/11/21(5th March, 2023)

1.***Baijanath Rural Municipality Office of Rural Executive ,Rampur ,Banke*** invites electronic bids from eligible bidders for the following bid under National Competitive Bidding- Single Stage –Two Envelope Bidding Procedures.Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 120 days from the date of last date of bid submission.

| Contract Name and Number | Key Qualifications | Bid Security(NRs.) | Price of Bidding Document |
|---|---|---|---|
| Construction of 15 Bed Hospital, Baijanath Rural Municipality, Rampur-05, Banke.<br><br>BRM/NCB/WORKS/BUILDING/17-079/80 | Minimum AACT best of 3 years of last ten years.<br>• 137.3 Million (NRs.)<br><br>Minimum Work Experience, Contract of Similar Size and Nature<br>• Completion of at least One (1) RccFrame Buildingand one (1) Hospital Building project worth of NRS. 146.4 Million<br><br>Bid Capacity<br>• 182.95.00 Million (NRs.)<br><br>Construction Experience in Key Activities ( In single Building Project)<br>• M20/25 Concrete: - 1747.34 Cum.<br>• Brick Work: - 445.5 Cum.<br>• Reinforcement Works :- 295.5 MT<br>• Anti-Bacterial linoleum flooring works 60sqm.<br>• Conductive flooring works 90 sqm<br>• Motorized blinds for window 4 nos.<br>• Digital door lock System<br>• Fire fighting works | 5489,000 (Should be Valid for 150 days) | NRs. 20,000 |

2. Bidders should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue) Khata account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA BANK ,Kohalpur, Branch
   Name of Office: **Baijanath Rural Municipality Office**
   Office Account No: **059CA59498380006** Rajaswa (revenue) khata

3.Complete set of bidding Documents can be downloaded from **www.bolpatra.gov.np.**Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp On or before ***12:00 pm*** on 2079/12/21 (4th,April, 2023)

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 pm**on 2079/12/21 (4th,April, 2023)at the office of Baijanath Rural Municipality, Rampur-05, Banke, Nepal

5. Bids must be valid for a period of ***120 days*** after the deadline for bid submission date and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum as mentioned in table below which shall be valid for 30 days beyond the validity period of the bid.

6. Pre-bid meeting shall be held at**Baijanath Rural Municipality, Rampur-05, Banke, Nepal** 14:00 hrs on **2079/12/12(26th,April,2023)**

7. If the bidder wishes to submit bid security in the form of cash, the bidder has to deposit cash in the following account.
   **Name of the Bank:**NIC ASIA BANK , Kohalpur, Branch
   **Name of Office:Baijanath Rural Municipality Office**
   Office Account No: 5941498380524002 (Dharautikhata)

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

9. Baijanath Rural Municipality Office, reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-06

स्ववियु निर्वाचन

# उत्साहपूर्वक विद्यार्थी संगठन दर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि उत्साहपूर्वक विद्यार्थी संगठन दर्ता गरिएका छन् । शुक्रबार बेलुकासम्म उत्साहपूर्वक क्याम्पसमा विद्यार्थी संगठनले आ–आफ्नो संगठन दर्ता गराएका हुन् ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले विद्यार्थी संगठनले उत्साहपूर्वक निर्वाचनमा सहभागी हुनका लागि संगठन दर्ता गराएको बताए । 'एक/दुई क्याम्पसबाहेक देशभरि सबै क्याम्पसमा विद्यार्थी संगठनले आ–आफ्ना संगठन दर्ता गराएका छन्,' उनले भने, 'अब विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन हुने सुनिश्चित भएको छ ।'

निर्वाचन कार्यतालिकाअनुसार शुक्रबार विद्यार्थी संगठन दर्ता गर्ने समय तोकिएको थियो । निर्देशनालयका निर्देशक अधिकारीले उपत्यकामा एउटा क्याम्पसबाहेक सबै क्याम्पसमा विद्यार्थी संगठन दर्ता भएको जानकारी दिए । उनका अनुसार आयुर्वेदिक क्याम्पसमा पनि विद्यार्थी संगठन दर्ता हुन सकेन । उनले उपत्यकाबाहिर लमजुङको कृषि क्याम्पसमा शनिबारका लागि विद्यार्थी संगठन दर्ताको समय तोकिएको जानकारी दिए ।

उनले उपत्यकामा २१ आंगिक क्याम्पसमा संगठन दर्ता भएको बताए । उनका अनुसार त्रिवि केन्द्रीय क्याम्पसमा १९, पुल्चोक इन्जिनियरिङमा सात, नेपाल ल क्याम्पसमा १७, पद्मकन्या बहुमुखी क्याम्पस ११, शंकरदेव क्याम्पसमा १२, त्रिचन्द्र बहुमुखी क्याम्पसमा २४, आरआर क्याम्पस १७, नेपाल कमर्स क्याम्पसमा १६ र अमृत साइन्स क्याम्पसमा १४ विद्यार्थी संगठन दर्ता भएका छन् ।

यस्तै निर्वाचन कार्यतालिकाअनुसार विद्यार्थी संगठनले यही फागुन २७ गते बिहान ११ देखि अपराह्न २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गराउने छन् । स्ववियु निर्वाचन चैत ५ गते बिहान ८ देखि अपराह्न ४ बजेसम्म तोकिएको छ ।

**सत्तारुढ दलका विद्यार्थीबीच सहकार्य**

स्ववियु निर्वाचनमा सत्तारुढ गठबन्धन निकटका विद्यार्थी संगठनले सहकार्य गर्ने भएका छन् । स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघ, अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियु, समाजवादी विद्यार्थी युनियनलगायतका सत्तारुढ गठबन्धन दलका भ्रातृसंगठनबीच सहकार्य गरेर जाने सहमति भएको अनेरास्ववियु (क्रान्तिकारी) की अध्यक्ष पञ्चा सिंहले जानकारी दिइन् ।

उनले विद्यार्थी आन्दोलन जोगाउन आठ विद्यार्थी संगठन सहकार्य गरेर अगाडि बढ्ने सहमति भएको बताए । यही फागुन १९ गते स्ववियु निर्वाचनका लागि विद्यार्थी संगठनले क्याम्पसमा नाम दर्ता गराएका छन् । ती विद्यार्थी संगठनले छुट्टाछुट्टै संगठनको नाम दर्ता गराएका हुन् ।

# 'जनतालाई भ्रममा पार्नेविरूद्ध बौद्धिक संघर्ष बढाउनूस्'




■ प्रभाव संवाददाता

**भक्तपुर–** नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गलत विचारलाई पराजित गर्न बौद्धिक संघर्ष आवश्यक रहेको बताएका छन् । भक्तपुरको गट्ठाघरमा शनिबार आयोजना गरिएको नेपाल बुद्धिजीवी परिषद्को केन्द्रीय समितिको बैठकमा उनले देशको पक्षमा राम्रो गर्न खोज्दा सबैतिरबाट एमालेमाथि प्रहार भएको गुनासो गरे ।

विनाप्रयास, विनामिहेनत नलडी कोही विजेता नहुने उल्लेख गर्दै अध्यक्ष ओलीले विभिन्न सञ्चारमाध्यम, सामाजिक सञ्जाललगायत प्रयोग गरेर बौद्धिकजगतमा हाबी हुन बुद्धिजीवीलाई आग्रह गरे । उनले भने, 'जनतालाई भ्रममा पार्न, जनतालाई सचेत हुन नदिन केही शक्ति सफल भएका छन्, जनतालाई भ्रममा पार्न खोज्ने, अल्मल्याउने, पथभ्रष्ट पार्न खोज्ने शक्तिको जञ्जालबाट जनतालाई मुक्त गर्न बुद्धिजीवीले बिगुल फुक्नु आवश्यक छ ।'

बुद्धिजीवीले गलत बाटोमा हिँडेकालाई सही र सुल्टो बाटो देखाउन, परिवर्तन र रूपान्तरणको बाटो देखाउन आवश्यक रहेको उनको भनाइ थियो । अध्यक्ष ओलीले भने, 'लगातार १०० जना विरोधीले तपाईंको विरोध गरे भने नकारात्मक टिप्पणी गरे भने नआत्तिनूस्, तपाईंको विचारबाट उनीहरू तर्सिए, आत्तिए भन्ने बुझ्नूस् ।' बुद्धिजीवीलाई पढ्न, विषयको अध्ययन गर्न र लेख्न आग्रह गर्दै अध्यक्ष ओलीले तयारीका साथ संगठित भएर गलत विचारविरुद्ध सही विचार प्रवाह गर्न सबैमा आग्रह गरे । उनले बुद्धिजीवीलाई निरन्तर लेखिरहन सुझावसमेत दिए ।कार्यक्रममा परिषद्का केन्द्रीय अध्यक्ष डा. दिनेशचन्द्र देवकोटाले माओवादी केन्द्रले एमालेमाथि कुठाराघात गरेको आरोप लगाए । बुद्धिजीवी परिषद् पार्टीसँग एकाकार भएर अगाडि बढ्ने उल्लेख गर्दै उनले एमालेको 'ग्रासरुट अभियान'लाई सफल पार्न लागिपरेको बताए ।

सो अवसरमा परिषद्को सांगठानिक प्रतिवेदन महासचिव गजेन्द्रप्रसाद थपलियाले, आर्थिक प्रतिवेदन कोषाध्यक्ष गोपीकृष्ण न्यौपानेले तथा समसामयिक प्रस्ताव सुशील बिकेले पेस गरेका थिए भने त्यसमाथि देशभरबाट सहभागीबीच छलफल गरिएको थियो । कार्यक्रममा एमाले केन्द्रीय सदस्य एवं परिषद्का इञ्चार्ज मनोजजंग थापा, परिषद्का उपाध्यक्ष डा. दीपेन्द्र भण्डारी, उपमहासचिव गोविन्द्रबहादुर शाहीलगायतले देशको वर्तमान राजनीतिक परिवेशमा बुद्धिजीवीले खेल्नुपर्ने भूमिकाबारे चर्चा गरेका थिए ।

# 'पढाइ कुना'ले सुधार्दै सिकाइस्तर

**राँझा–** बर्दियाको ठाकुरबाबा नगरपालिका–२ निवासी प्रकृति थारूको पढ्ने बानीमा अहिले धेरै परिवर्तन आएको छ । स्थानीय ज्ञानोदय आधारभूत विद्यालयमा कक्षा ४ मा अध्ययनरत प्रकृतिको विद्यालयमा ध्यान दिएर पढ्ने भए पनि घरमा पढ्ने बानी पटक्कै थिएन । अहिले घरमा 'पढाइ कुना' बनाएपछि प्रकृतिको पढ्ने बानी र व्यवहारमा परिवर्तन आएको हो ।

प्रकृतिको घरमा अहिले एक कोठालाई विभिन्न शैक्षिक सामग्री टाँसेर सिकाइमैत्री कोठा अर्थात् पढाइ कुना बनाइएको छ । प्रकृतिको पढाइ कुनामा कापी, कलम, पोसाक राख्ने ठाउँ छ । विद्यालयबाट घर फर्केपछि प्रकृतिले झोला र विद्यालय पोसाक व्यवस्थित तरिकाले राख्ने गरेको आमा आरती थारूले बताइन् । 'पहिले घरमा पढ्ने बानी थिएन, पढाइ कुना बनाएपछि छोरीको घरमै पढ्ने बानी परेको छ,' आरतीले भनिन्, 'हामीलाई यस्तो पढाइ कुना भन्ने थाहा थिएन, सरहरूले सिकाएर बनाउन लगाउनुभयो, अहिले धेरै राम्रो भएको छ ।'

गेरुवा गाउँपालिका–५ बर्दिया निवासी आइसा थारू हरेक दिन विद्यालयबाट घर फर्किएपछि सरासर पढाइ कुना भएकै कोठामा गएर गृहकार्य गर्न सुरु गर्छिन् । उनी त्यही कोठामा पढ्छिन् । 'पहिले घरमा पढाइ कुना नहुँदा नियमित पढ्ने बानी थिएन, शनिबारभोलि नियमित पढ्न मन लाग्छ,' आइसा भन्छिन्, 'पढाइ कुना बनाइएको कोठामा जाउँ–जाउँ लाग्छ, पढौं–पढौं लाग्छ, पहिले घरमा पढ्नै मन लाग्दैन्थ्यो, विद्यालयमा मात्रै पढ्ने हो जस्तो लाग्थ्यो, अहिले विद्यालयभन्दा घरमा बनाइएको पढाइ कुनामा बढी पढ्न मन लाग्छ ।'

पढाइ कुनामा रहेका बालबालिकालाई घरमा बुबाआमाले पनि नियमित पढे, नपढेको विषयमा सोधखोज गर्ने गरेका छन् । यसले नियमित गृहकार्य गर्ने, पढ्ने बानीको विकास हुनाका साथै शैक्षिक सामग्रीको सुरक्षा र व्यक्तिगत सरसफाइमा निकै सुधार भएको बारबर्दिया नगरपालिका–११ स्थित विजय प्राथमिक विद्यालयका प्रधानाध्यापक धर्मेन्द्र थारूले बताए ।

पढाइ कुना र सिकाइ केन्द्र सञ्चालन भएपछि बालबालिकामा पढाइप्रति रुचि बढेको र सिकाइस्तरमा पनि सुधार आएको उनको भनाइ छ । बर्दियामा स्थानीय तहसँगको समन्वयमा प्लान इन्टरनेसनल नेपाल र स्याक नेपालद्वारा बालबालिकाको सिकाइस्तर बढाउन पढाइ कुना अभियान सञ्चालन गरिएको छ । सिकाइ परियोजनाअन्तर्गत बर्दियाको बारबर्दिया गाउँपालिका, मधुवन नगरपालिका, राजापुर नगरपालिका, ठाकुरबाबा नगरपालिका, गुलरिया नगरपालिका र गेरुवा गाउँपालिकामा परियोजना सञ्चालन भएका करिब २८७ घरधुरीमा पढाइ कुना निर्माण गरिएको सिकाइ परियोजनाका प्रमुख लक्ष्मीप्रसाद शर्माले जानकारी दिए ।

'विद्यार्थीको सिकाइस्तर कमजोर भएका परिवारमा अभिभावक शिक्षा कार्यक्रममार्फत अभिभावकबाटै आफ्ना बालबालिकाको सिकाइ सुधारका लागि पहिलो पाठशाला घर बनाउन असल अभ्यासको सुरुआत गरेका छौं,' परियोजना प्रमुख शर्माले भने, 'पढाइ कुनाले अहिले बालबालिकाको घरमा पढ्ने बानी बस्नाका साथै दैनिक क्रियाकलाप नै फेरिएको छ ।'

बर्दियाका उक्त पालिकाको समन्वयमा २५ विद्यालयको सेवाभित्रका २५ समुदायमा कक्षा १ देखि ३ सम्मका सिकाइस्तर न्यून भएका, आर्थिकरूपमा विपन्न दलित समुदायका सात हजार बालबालिकाका लागि सिकाइ केन्द्र सञ्चालन गरिएको छ । ठाकुरबाबा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि रिजालले पढाइ कुना र सिकाइ केन्द्रले बालबालिकाको सिकाइस्तरमा सुधार आउनाका साथै अभिभावक पनि बालबालिकाको पढाइप्रति सचेत भएको पाइएको बताए ।

प्लान इन्टरनेसनल नेपाल तथा स्याक नेपाल बाँकेले शैक्षिक गुणस्तर वृद्धिका लागि पूर्वप्राथमिक कक्षालाई नमूना बनाउने, आइसिटी सहयोगमार्फत प्रविधिमैत्री सिकाइ, अभिभावक शिक्षा, भौतिक पूर्वाधार निर्माणका साथै पालिकास्तरको शिक्षा नीति, शिक्षा योजना र स्थानीय पाठ्यक्रम निर्माणमा भूमिका निर्वाह गर्दै आएको स्याकका अध्यक्ष शिवलाल पाण्डेले बताए । *रासस*

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकासित मिति : २०७९/११/२१**

यस सामुदायिक वन उपभोक्ता समुहको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालयको च.नं. २०२८ मिति २०७९/११/१९ को ब्यापारिक प्रयोजनको लागि समूह बाहिर वन पैदावार बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, धौटी, अस्ना, जामुन, लगायतका गोलिया थान २६ को ५८६.३५ घ.फी.काठ तथा साल जातको दाउरा चट्टा ३.५ र अन्य जातको दाउरा ०.७५ चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत काठ दाउरामा आधारित इच्छुक उद्योगहरूले यो सूचना पहिलो पटक प्रकासित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरीद गरी २२ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा सम्बन्धित सवैलाई अनुरोध छ ।

**श्री रानि सामुदायिक वन उपभोक्ता समूह, नरैनापुर २ बाँके**

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : XAN KEE ENTERPRISE

पूर्व स्वीकृति मिति २०७९/११/८ पून स्वीकृति मिति २०७९/११/२० LT. No. 281456 चलानी नं. ६०१९३१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 6 | 0 | 1500 | ४३९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YI DAH XING FOOD FACTORY (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/११/१९ पून स्वीकृति मिति २०७९/११/२० LT. No. 281764 चलानी नं. ६०१९३१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 1 | 1500 | ४३९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २८ गते (12th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## साउदी र कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED FAHAD AL AJMI CONS CO. FOR TRANSPORTATION L.L.C

पूर्व स्वीकृति मिति २०७९/०८/२० पूर्व स्वीकृति मिति २०७९/११/२० LT. No. 277223 चलानी नं. ६०१९२८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1900 | ६६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tyre Man | 1 | 0 | 1500 | ५२,४८५ | | | | | | | |

कम्पनी : HUSSAIN AHMED SALEH AL MUTLAQ CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/११/२० LT. No. 281576 चलानी नं. ६०१८४१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping workers | 7 | 0 | 1200 | ४१,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HUSSAIN AHMED SALEH AL MUTLAQ CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/११/१७ LT. No. 281649 चलानी नं. ६०१८४१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Indoor) | 60 | 40 | 90 | ३८४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HUSSAIN AHMED SALEH AL MUTLAQ CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/११/२० LT. No. 281946 चलानी नं. ६०१८४१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 5 | 0 | 1700 | ५९४०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २८ गते (12th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

बूढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हात्तिगौडा, काठमाडौँ

बागमती प्रदेश

**प्रकाशित मिति: २०७९/११/२१**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिल कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि.नं | ठेक्काको नाम / नं. | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक मु.अ.क बाहेक |
|---|---|---|---|
| १. | The Procurement of Sanitary Pad, NCB/BNP/GW/079_080/05 | B.N Construction and Suppliers Pvt.Ltd, Patan, Baitadi | १६,०५,४०८।०० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अर्थतन्त्र सुधारका लागि स्थिर सरकार

विश्वले सामना गरिरहेको आर्थिक मन्दीको प्रभाव नेपालमा पनि परेको छ । तर, बाहिर कारणले मात्र नभई आन्तरिक कारणले पनि मुलुकको अर्थतन्त्र यतिबेला समस्यामा रहेको छ । चालु आर्थिक वर्षमा सरकारले लक्ष्यअनुसार बजेट कार्यान्वयन गर्न सकिरहेको छैन । राजस्व संकलन लक्ष्यअनुसार नहुँदा स्रोत व्यवस्थापनमा सकस व्यहोर्नुपरिरहेको छ । वैदेशिक सहायता, ऋण तथा लगानीसमेत लगातार घटिरहेको छ । रुस–युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा परेको प्रभाव नेपालमा पनि देखिएको छ । महँगी बढ्दै गएको छ । उत्पादन क्षेत्र कमजोर बनेको छ । साथै निर्माण क्षेत्रमा पनि गिरावट आएको छ । जसको नतिजा मुलुकको आर्थिक वृद्धिमा देखिँदै छ ।

सरकारले हरेक वर्ष आर्थिक वृद्धिको लक्ष्य राख्छ । चालु आवमा आठ प्रतिशतको लक्ष्य राखिएको थियो । तर, हालसम्मको स्थिति हेर्दा साढे चार प्रतिशत हाराहारीमा सीमित हुने सरकारकै संशोधित आँकडा आएको छ ।

यहीबीच सरकारले आगामी तीन आर्थिक वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यसहित मध्यमकालीन खर्च संरचना (२०८०/८१–२०८२/८३) तयार पारेको छ । राष्ट्रिय योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ स्वीकृत गर्दै विभिन्न आर्थिक सूचकको तीन वर्षे अनुमान सार्वजनिक गरेको हो । आयोगले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार आगामी आर्थिक वर्ष २०८०/८१ मा छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ ।

त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा ७.४ प्रतिशत र आर्थिक वर्ष २०८२/८३ मा आठ प्रतिशतको आर्थिक वृद्धिदर कायम रहने अनुमान आयोगको छ । तर, चालु आव २०७९/८० का लागि सरकारले राखेको आर्थिक वृद्धिदरको लक्ष्य भने हासिल नहुने पनि आयोगले जनाएको छ । चालु आवमा आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखिएकामा चार दशमलव पाँच प्रतिशत बराबर मात्रै रहने देखिएको हो ।

चालु आवमा सरकारले उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको थियो । तर, यस वर्ष मुद्रास्फीतिले वाञ्छित सीमा नाघेर साढे सात प्रतिशतसम्म पुग्नसक्ने अनुमान आयोगको छ । त्यस्तै, आगामी आव २०८०/८१ मा छ दशमलव पाँच प्रतिशत र त्यसपछिका दुई आवमा छ प्रतिशतको वाञ्छित सीमाभित्र मुद्रास्फीति राख्ने प्रक्षेपण आयोगले गरेको छ ।

आगामी तीन वर्षभित्र नेपालको प्रतिव्यक्ति आयमा उल्लेखनीय सुधार हुने अनुमान पनि आयोगको छ । आयोगको विवरणअनुसार प्रतिव्यक्ति आय आव २०८०/८१ मा एक हजार ५७२ अमेरिकी डलर, आव २०८१/८२ मा एक हजार ७४० अमेरिकी डलर र आव २०८२/८३ मा एक हजार ९३५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको छ ।

सरकारले राखेका लक्ष्य हासिल नहुनुमा बाह्य कारणका साथै राजनीतिक अस्थिरता प्रमुख रहँदै आएको छ । स्थिर सरकार बन्न नसक्दा मुलुकले विकासको लय समात्न नसकेको प्रस्ट छ । यसपटक पनि फेरि सरकार अस्थिर बन्ने संकेत देखिएको छ । यसले गर्दा योजना आयोगले ल्याएको मध्यमकालीन खर्च संरचना कार्यान्वयन हुनेमा ढुक्क हुने स्थिति छैन । दलहरूले मुलुकको आर्थिक विकासमा ध्यान केन्द्रित नगरेसम्म यो स्थिति रहिरहने निश्चित छ । त्यसैले अर्थतन्त्रको सुधार र विकासलाई सही दिशामा अगाडि बढाउन स्थिर सरकार नै आजको मुख्य आवश्यकता भएकोमा दुई मत छैन ।

## मननयोग्य

### चाणक्य नीति


'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,' हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाइृको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।' क्रमशः

# 'संविधान र लोकतन्त्रको रक्षा नै मेरो पहिलो कर्तव्य हुन्छ'



**रामचन्द्र पौडेल**
**राष्ट्रपतिका उम्मेदवार**

*आठदलीय गठबन्धनका तर्फबाट राष्ट्रपतिका उम्मेदवार बनेका नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जीवनभर लडेर ल्याएको लोकतन्त्र र संविधानको रक्षा एवं परिपालनाको विषयलाई नै आफूले महत्वपूर्ण ठानेको बताएका छन् । यही फागुन २५ गते हुने राष्ट्र प्रमुखको उम्मेदवारीका सन्दर्भमा राससँग कुराकानी गर्दै उनले आफू प्रजातन्त्रका लागि छ दशकदेखि लड्दै आएकाले वर्तमान संविधान र लोकतन्त्रको रक्षा नै पहिलो कर्तव्य र जिम्मेवारी हुने उल्लेख गरे । पूर्वसभामुख पौडेल राष्ट्रपतिको उम्मेदवारीका लागि भएका छलफलमा सबै दलहरु (आठ दल)को सहमतिपछि आफू उम्मेदवार भएको बताउँछन् । जनताले अपेक्षा गरेअनुसारको आचरण र संविधानको परिपालन गर्दै शीतलनिवासबाट सबैलाई शीतलताको छहारी दिलाउने उनको भनाइ छ । पूर्वउपप्रधानमन्त्री पौडेलले अर्को प्रसंगमा लोकतन्त्रप्रतिको निष्ठा र विगतका जिम्मेवारीले आफ्नो निष्ठा र तटस्थताको परीक्षण भइसकेको जिकिर गर्दै राष्ट्रपति पद संविधान र लोकतन्त्रको रक्षा गर्ने महत्वपूर्ण ठाउँ भएको स्पष्ट गरे । प्रस्तुत छ, मुलुकको संसदीय अभ्यास र प्रक्रियामा अनुभवी र परिपक्व राजनीतिकर्मीको छवि बनाएका पौडेलसँग राष्ट्रपति निर्वाचन, उम्मेदवारी र राष्ट्राध्यक्षको भूमिकालगायत विषयमा राससका उपप्रमुख समाचारदाता* नारायणप्रसाद न्यौपाने *र वरिष्ठ समाचारदाता* भीष्मराज ओझाले *गरेको कुराकानीः*

- लोकतन्त्र स्थापना, संविधान निर्माणमा पनि मेरो भूमिका र योगदान देखेर सबै साथीहरूले मलाई नै उययुक्त ठान्नुभयो
- अहिलेको संविधान र व्यवस्था ७० वर्षसम्म लडेर ल्याइएको हो, त्यसैले संविधानको रक्षा नै पहिलो कर्तव्य हो
- गणतन्त्रको राष्ट्रपति र हिजोको राजतन्त्रको राष्ट्रध्यक्षको चरित्रमा मौलिक भिन्नता हुन्छ, त्यो पृथकता देखाउने प्रयास मबाट हुन्छ
- आठदलीय गठबन्धनको तर्फबाट राष्ट्रपतिको साझा उम्मेदवार भएपछि नेपालको राजनीतिक वायुमण्डलमा सन्तोष र न्यायको अनुभूतिजस्तो मैले देखिरहेको छु
- राष्ट्रपति पदमा पुगेपछि जनताले अपेक्षा गरेअनुसार यदि मैले आचरण परिपालन गर्न सकेँ भने शीतलनिवासबाट सबैले शीतलताको छहारी पाउने छन्

**आगामी नयाँ राष्ट्रपतिको उम्मेदवार भइरहँदा यहाँको तयारी के छ ? मतदातासमक्ष कसरी जाँदै हुनुहुन्छ ?**

राष्ट्रपतिका लागि यही फागुन २५ गते हुने निर्वाचनमा कांग्रेससहित आठदलीय गठनबन्धनका तर्फबाट म सर्वसम्मत उम्मेदवार बनेको छु । मेरो उम्मेदवारीले मुलुकमा राष्ट्रिय एकताको सन्देश प्रवाह भएको छ । निर्वाचनको तयारीका क्रममा जनताबाट निर्वाचित भएका प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यसँग निर्वाचन केन्द्रित भेटघाट, छलफल र कुराकानी भइरहेको छ । पत्र तथा एसएमएसका माध्यमद्वारा पनि उहाँहरूसँग भोटका लागि अनुरोध गरेको छु । विभिन्न दलका नेतृत्वसँग भेटेरै कुराकानी भएको छ । मतदाता सबैसँग सम्पर्कमा पुग्ने र विश्वास दिलाउने काम भइरहेको छ ।

**आठदलीय गठबन्धन र नेपाली कांग्रेसका तर्फबाट यहाँलाई नै किन राष्ट्रपति पदको उम्मेदवार छानियो भन्ने लाग्छ ?**

राष्ट्रपति निर्वाचनका सन्दर्भमा सबै दलहरूबीच भएको छलफलमा मलाई नै उम्मेदवार बनाउने ठहर भएर सहमति जुट्यो । नेपालको अहिलेको राजनीतिमा संयोग नै भन्नुपर्छ सबै किसिमले अरुभन्दा वरिष्ठ भएको र सबैको सहमति मेरै नाममा जुटेकाले यो अवसर प्राप्त भएको छ । अहिलेको व्यवस्था र लोकतन्त्र प्राप्तिका क्रममा सबैभन्दा बढी संघर्ष र मेहनत गरेको छु । लोकतन्त्र स्थापना, संविधान निर्माणमा पनि मेरो भूमिका र योगदान देखेर सबै साथीहरूले मलाई नै उययुक्त ठान्नुभयो ।

**राष्ट्रपति संवैधानिक पद हो, यहाँ कांग्रेसको क्रियाशील र वरिष्ठ नेता हुनुहुन्छ, निर्वाचित भएमा पदको गरिमा जोगाउन कसरी सन्तुलन कायम गर्नुहुन्छ ?**

मेरो जीवन दर्शन र जीवनभरको क्रियाशीलता तथा संघर्ष भनेको लोकतन्त्र, देशको उन्नति र जनताको अधिकार प्राप्तिका लागि हो । यसका लागि जीवन बिताएर म यहाँसम्म आइपुगेको छु । मेरो सबैभन्दा ठूलो प्राथमिकता भनेको लोकतन्त्र र जनताको अधिकार हो । अहिलेको संविधान र व्यवस्था ७० वर्षसम्म लडेर ल्याइएको हो । त्यसैले संविधानको रक्षा नै पहिलो कर्तव्य हो । लोकतन्त्रका लागि मैदानबाटै लड्दै आएको मान्छे हुँ । परिवर्तनका यी उपलब्धिको रक्षा राष्ट्रपति पदबाट हुन्छ भन्ने मलाई लाग्छ । संविधान र लोकतन्त्रको रक्षा गर्न यो ठाउँ पनि महत्त्वपूर्ण छ । दल र अरु साथीहरूका बीच यही कुरामा सहमति भएर नै म उम्मेदवार बनेको छु । जीवनभर लडेर ल्याएको लोकतन्त्र र संविधानको रक्षा तथा परिपालनाको विषयलाई मैले महत्त्वपूर्ण ठानेको छु ।

**राष्ट्रपतिमा यहाँको निर्वाचन जित्ने आधार के-के हुन् ?**

कांग्रेससहित आठ दलको तर्फबाट म साझा उम्मेदवार भएपछि देशभर मेरो पक्षमा जनलहर पनि छ । मेरो संघर्षको इतिहास देखेका, मेरा बारेमा थाहा पाएका जनतामा मप्रति अपेक्षा र भरोसा छ । राष्ट्र र प्रजातन्त्रप्रतिको संघर्षमा भएको योगदानका कारण मलाई यो जिम्मेवारी दिँदा संविधान र परिवर्तनका उपलब्धि सुरक्षित रहन्छ भन्ने जनमत पाएको छु । अर्को कुरा दलको पनि समर्थन मलाई मिलेको छ । नेकपा एमालेबाट मेरो साथी सुवासजी उम्मेदवार हुनुहुन्छ, त्यही दलबाट पनि मप्रतिको सद्भाव र विश्वासको अनुभव गरेको छु । यो चुनावमा मलाई विजयी हुनका लागि त्यो जनमत नै सहयोगी हुन्छ भन्ने मेरो विश्वास छ ।

**यहाँलाई आगामी राष्ट्रपतिको जिम्मेवारी सम्हाल्ने अवसर मिल्यो भने विगतभन्दा फरक अनुभूति र सन्देश जनताले के प्राप्त गर्लान् ?**

समयअनुरूप चुनौती बदलिँदै र जटिल बन्दै गएका छन् । अहिलेको प्रणाली र संविधानमाथि विभिन्न कोणबाट देखिएका चुनौती र विचलनको अवस्थाप्रति सजग रही कुनै पनि तलमाथि हुन नदिई प्रभावकारी ढंगबाट काम गर्नुपर्छ । अहिले हामीसँग संविधान र गणतन्त्रलाई संस्थागत गर्ने अभिभारा र चुनौती छ । गणतन्त्रको राष्ट्रपति र हिजोको राजतन्त्रको राष्ट्रध्यक्षको चरित्रमा मौलिक भिन्नता हुन्छ । त्यो पृथकता देखाउने प्रयास मबाट हुन्छ । हिजो र आजको राष्ट्राध्यक्षका व्यवहार र आचरणमा के-के भिन्नता हुनुपर्छ भन्नेमा प्रस्ट छु ।

राष्ट्रपति वा प्रधानमन्त्री भनेको मुलुकको भिन्नै विशिष्ट नभई सबै जनताका बीचमा पदीय जिम्मेवारीका कारण अग्रज मात्र हो । यो विषयलाई म यही रूपमा नै लिन्छु । असली अनि पूर्ण लोकतन्त्र र गणतन्त्र यही हो । समाजका सबै मानिस समान र स्वतन्त्र हुन् । हामी त्यही खोजीमा छौं । त्यही आचरण गर्नुपर्छ ।

**राष्ट्रपतिमा निर्वाचित भएमा संविधानको संरक्षण, पालना र प्रवर्द्धनमा यहाँको भूमिका के रहन्छ ?**

मेरो एउटै कुरा हो, मैले जीवनमा जुन 'मिसन'लाई अगाडि राखेर संघर्ष गरेँ, त्यो मिसनलाई पूरा गर्न संविधानसभाबाट संविधान जारी गर्न र लोकतन्त्रलाई स्थापित गर्न पूर्णरूपमा क्रियाशील भएँ । त्यसमा भिजेको तथा संविधानको सम्पूर्ण अक्षर, मर्म एवं भावनासँग जानकार र परिचित भएको तथा आत्मसात गरेको व्यक्तिका नाताले आउनसक्ने कुनै पनि चुनौतीबाट जोगाएर लैजान सक्छु भन्ने मेरो अठोट छ ।

**राष्ट्रपतिमा राजनीतिक दलहरूको आकर्षण बढेको देखिन्छ, यसलाई यहाँले कसरी नियाल्नुभएको छ ?**

राष्ट्रपति संविधानको पालक र संरक्षक तथा संवैधानिक सर्वोच्च र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने पद हो । यो पदको विशेष महत्त्व छ । तर, यसका आफ्नै मर्यादा छन् । संसदीय प्रणालीको मान्यताअनुसारको पद हो । यसको अर्थ राष्ट्रप्रमुखबाट गल्ती हुँदैन भन्ने मान्यता राखिन्छ । हाम्रो राजनीतिक प्रणालीमा कार्यकारी अधिकार प्रधानमन्त्रीमा हुन्छ, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले काम गर्ने हो । राष्ट्रपतिको काम, कर्तव्य र अधिकार र संविधानले तोकेको छ । तर, राष्ट्रपतिको भूमिका राष्ट्राध्यक्ष, संविधानको संरक्षकको नाताले सजग भएर राष्ट्रहितबारे सोचिरहेको हुनुपर्छ ।

**नेपाल संवेदनशील भू-राजनीतिक अवस्थामा छ, दुवै छिमेकी र वैदेशिक सम्बन्धलाई ठीक ढंगबाट अघि लैजान राष्ट्रपतिको के-कस्तो भूमिका हुनसक्छ ?**

नेपाल एकीकरणका बेला तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुंगाबीचको तरुल भनेका थिए । यसले कसरी जोगिएर र सन्तुलन मिलाएर अघि बढ्नुपर्छ भन्ने कुरालाई इंगित गर्छ । हामीले असंग्लनताको परराष्ट्र नीति र तटस्थताको महत्त्व बुझेर अघि बढ्नुपर्छ । नेपालले त्यही कूटनीति अवलम्बन गर्नुपर्छ । राष्ट्राध्यक्षले त्यसैका लागि आवश्यक वातावरण बनाउने र राय-सुझाव दिने काम गर्न सक्छ ।

**अन्त्यमा, राजनीतिक अस्थिरताका कारण उकुसमुकुसमा रहेका जनतालाई यहा‍ा त्यो पदमा पुग्ने भएको खण्डमा शीतलनिवासबाट कस्तो शीतलता प्रदान होला ?**

आठदलीय गठबन्धनको तर्फबाट राष्ट्रपतिको साझा उम्मेदवार भएपछि नेपालको राजनीतिक वायुमण्डलमा सन्तोष र न्यायको अनुभूतिजस्तो मैले देखिरहेको छु । मलाई लाग्छ, त्यो पदमा पुगेपछि जनताले अपेक्षा गरेअनुसार यदि मैले आचरण परिपालन गर्न सकेँ भने शीतलनिवासबाट सबैले शीतलताको छहारी पाउने छन् ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**गोर्खा स्मारक** स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका-१ रामकोटस्थित साल्मेडाँडामा निर्माणाधीन गोर्खा स्मारक । पहिलो र दोस्रो विश्वयुद्धमा ज्यान गुमाएका गोर्खा सैनिकको स्मृतिमा स्मारक निर्माण सुरु गरिएको हो ।
*तस्बिरः हरिप्रसाद बास्तोला/रासस*

# नारायणगढ-मुग्लिन सडक आजदेखि बन्द नहुने

■ प्रभाव संवाददाता

**चितवन-** नारायणगढ-मुग्लिन सडक खण्डका पुल फराकिलो बनाउने क्रममा भित्ता काट्नुपर्ने भएकाले दिउँसोको समयमा बन्द गरिँदै आएकामा आज आइतबारदेखि बन्द नगरिने भएको छ । भित्ता काट्न कठिन भएपछि गत पुस ५ गतेदेखि दिउँसोमा दैनिक चार घण्टा सडक बन्द गरेर काम हुँदै आएको थियो ।

पहिलो ३० दिन बिहान ११ देखि दिउँसो ३ बजेसम्म बन्द गरिएको थियो भने त्यसपछि दिउँसो १२ देखि ४ बजेसम्म सडक बन्द गरिएको थियो । नागढुंगा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन) का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार सवारीसाधन रोकेर पाँच ठाउँको पहाड काट्न सुरु गरिएकामा तुइन खोलाको मुग्लिनतर्फको पहाडबाहेक अन्यत्रको काम अन्तिम चरणमा पुगेको छ । तुइन खोलाको भित्तालाई विष्फोट गराउन लागिएकाले सवारी रोकेर भित्ता काट्ने काम शनिबारदेखि बन्द गरिएको हो ।

तुइन खोलाको पुल निर्माणका क्रममा ६० मिटर अग्लो कडा चट्टानसहितको डाँडो थियो । सो डाँडोलाई काट्न कठिन भएको हो । सो पहाडको अझै ४० मिटर काट्न बाँकी छ । यससँगै बाँकी रहेको चिसेन्जी खोलाको पुलको आडको देब्रेपट्टिको भित्ता काट्ने काम अन्तिम चरणमा रहेको छ । सिमलताल, कालीखोला र नाम्ची खोलाको भित्ता काट्ने काम सकिएको छ । यी पुलसँगै काम थालिएका नौ पुल भित्ता काट्न नपर्ने भएकाले बनिसकेका छन् ।

यसअघि नै सो सडकका पाँच पुल बनिसकेका थिए । पाँचवटा पुल निर्माणाधीन छन् । सडक विस्तारसँगै पुल साँघुरा भएपछि सडकमा रहेका २० वटै पुल नयाँ थप गरिएको हो । पहिलेको पुलको छेउमा अर्को पुल बनाउँदै गर्दा भित्ता काट्नु परेको हो । आचार्यका अनुसार तुइन खोलाको भित्ता काट्नका लागि विष्फोट गराउन अनुमति लिने प्रक्रियामा रहेको छ । अनुमति पाएसँगै एक महिनामा विष्फोटक पदार्थ झिकाएर विस्फोट गराउने तयारी आयोजनाले गरेको उनले जानकारी दिए ।


विश्व बैंकको सहयोगमा पुल बनाउन लागिएको हो । एउटा पुलको काम सुरु भएको छैन । पुलको छेउमा सुकुम्वासी बसेकाले हटाउन नसक्दा काम रोकिएको हो । विश्व बैंकको सहयोगमा काम गर्दा क्षतिपूर्ति दिलाएर मात्रै काम गर्नुपर्ने प्रावधान रहेको छ । आयोजनाका प्रमुख किरण कार्कीका अनुसार क्षतिपूर्तिका लागि एक करोड रूपैयाँ हाराहारी खर्च हुन्छ । रकम माग गरिएको भए पनि प्राप्त हुन नसक्दा काम सुरु गर्न नसकिएको हो ।

पुल निर्माण सम्पन्न गर्नुपर्ने मिति २०८० पुस ९ गतेसम्म रहेको छ । सुरुमा ३३ महिनाका लागि सम्झौता भए पनि काम सम्पन्न नभएपछि हालै समय एक वर्ष थप गरिएको हो । सो सडकका १५ पुल निर्माणका लागि अनक कन्स्ट्रक्सनले बोलपत्र प्राप्त गरेको छ । पुल निर्माणका लागि एक अर्ब २२ करोड रूपैयाँ खर्च हुनेछ । सो सडकमा यसअघिका पुल साँघुरा थिए । अहिले बनाइएका पुल ११ मिटर फराकिला छन् । सडक नौदेखि ११ मिटर फराकिलो रहेको छ । यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारी आवागमन गर्दछन् ।

# सुस्त श्रवण भएको व्यक्ति पढ्ने विद्यालयलाई आर्थिक समस्या

■ कृष्ण न्यौपाने

**दमौली-** कक्षाकोठामा विद्यार्थी कोही पढिरहेका छन्, कोही लेखिरहेका छन् । कोही विद्यार्थी भने इसारामा केही भनिरहेका छन् । यो दृश्य तनहुँको व्यास नगरपालिका-१ खकौलीमा सञ्चालित बुद्ध दाहाल बहिरा आवासीय प्राथमिक विद्यालयको हो । सदरमुकाम दमौलीबाट दुई किलोमिटर दूरीमा रहेको उक्त विद्यालयमा सुस्त श्रवण भएको व्यक्ति अध्ययन गर्छन् ।



तनहुँ, लमजुङ, गोरखा, स्याङ्जा, नवलपरासीका ती विद्यार्थी उक्त विद्यालयमा आवासीयरूपमा बसेर अध्ययन गर्दै आएका छन् । ती विद्यार्थीलाई बस्ने, खाने व्यवस्था सरकारले गर्दै आएको छ । तर पनि विद्यालयलाई आर्थिक समस्या पर्दै आएको छ । वि.सं. २०६५ मा प्रतिविद्यार्थी चार हजार रूपैयाँ दिने गरिएकामा हालसम्म पनि रकम वृद्धि नहुँदा समस्या हुँदै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मणिजंग बस्नेत बताउँछन् । '१४ वर्ष पहिला जति रकम विद्यार्थीका लागि दिइन्थ्यो, अहिलेसम्म पनि सोही रकम हुँदा व्यवस्थापनमा समस्या हुँदै आएको छ,' बस्नेतले भने, 'तर जसोतसो व्यवस्थापन गर्नुको विकल्प पनि छैन ।'

सरकारले सुस्त श्रवण भएको व्यक्तिका लागि मासिक प्रतिविद्यार्थी चार हजार रूपैयाँका दरले रकम उपलब्ध गराउने गरेको छ । उक्त रकमबाट विद्यार्थीका लागि खाना, पोसाक, सरसफाइ, टेलिभिजन, इन्टरनेट, बिजुली, पानीको व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेको छ ।

'१४ वर्षसम्म एउटै रकम हुँदा अप्ठ्यारो छ, सरसामानको मूल्यवृद्धि छ,' बस्नेत भन्छन्, 'हाल विद्यालयको मुख्य समस्या नै यही हो । त्यति न्यून रकममा विद्यार्थी व्यवस्थापन गर्नुपरेको छ ।'

यस विषयमा सरोकारवाला निकायमा पटक-पटक ध्यानाकर्षण गराउँदा सुनुवाइ नभएको बस्नेतको गुनासो छ । 'राज्यले यो समस्या समाधानमा ध्यानै दिएन, धेरैपटक सरोकारवाला निकाय गुहारिसक्यौं, कतैबाट सम्बोधन हुँदैन,' बस्नेतले भने । कक्षा १ देखि ५ सम्म सञ्चालित उक्त विद्यालयमा २८ विद्यार्थी छन् । त्यसमध्ये नौ छात्रा र १९ छात्र छन् । कक्षा १ मा पाँच छात्रा र सात छात्र, कक्षा २ मा एक छात्रा र चार छात्र, कक्षा ३ मा चार छात्र, कक्षा ४ मा दुई छात्रा र एक छात्र र कक्षा ५ मा एक छात्रा र तीन छात्र अध्ययनरत छन् । ती विद्यार्थी बस्नका लागि विद्यालय आडैमा आवासगृह भवन निर्माण गरिएको छ ।

छ वर्ष अगाडि पाहार ट्रस्ट नेपाल नामक संस्थाले आवासगृह भवन निर्माण गरिदिएको थियो । उक्त भवनमा ४० जनासम्म विद्यार्थी राख्न सकिने विद्यालयका प्रधानाध्यापक भैरव पन्थ बताउँछन् ।

उनका अनुसार २८ जना विद्यार्थीका लागि १० महिनाबापतको रकम विद्यालयमा आउँछ । सोही रकमबाट विद्यार्थीको सम्पूर्ण व्यवस्थापन गर्नुपर्ने बाध्यता छ । महिनामा दुईपटक मासु र हप्तामा एकपटक अण्डाको व्यवस्था गरिएको छ । विद्यालयमा भौतिक सुविधा राम्रो रहे पनि विद्यार्थीको आर्थिक पाटोका कारण समस्या हुने गरेको प्रधानाध्यापक पन्थले बताए ।

व्यास नगरपालिका-१ का वडा सदस्यसमेत रहेका व्यवस्थापन समितिका अध्यक्ष बस्नेतले यस विषयमा स्थानीय सरकार व्यास नगरपालिकामा कुरा उठाउने गरे पनि सम्बोधन नभएको गुनासो गरे । 'म आफैं स्थानीय सरकारको प्रतिनिधित्व हुँ, नगरप्रमुखसँग यस विषयमा धेरैपटक कुरा गरिसकेँ, सुनुवाइ हुँदैन,' बस्नेतले भने, 'भवन निर्माण, भान्साकोठा व्यवस्थापनका लागि पनि नगरपालिकाको तर्फबाट बजेट आउँछ ।' यही वर्ष व्यास नगरपालिकाको तीन लाख रूपैयाँ सहयोगमा भान्साकोठा निर्माण गरिएको छ ।

कक्षा ५ उत्तीर्ण भएपछि यहाँका विद्यार्थी पोखरा, गोरखा, बागलुङ जाने गरेका छन् । गत शैक्षिकसत्रमा यहाँबाट तीन विद्यार्थी अन्यत्र गएका छन् । विद्यालयमा प्रधानाध्यापकसहित पाँच शिक्षक छन् । त्यसमध्ये दुई पूर्ण तथा एक आंशिक सुस्त श्रवण भएको व्यक्ति र एक जना दोभाषे शिक्षक कार्यरत छन् । शिक्षकमध्ये एक स्थायी रहेको र बाँकी चार जना करारमा रहेको विद्यालयले जनाएको छ ।

त्यस्तै विद्यालयमा चार सहयोगी कर्मचारी छन् । ती कर्मचारीको मासिक तलब पनि न्यून छ । मासिक १३ हजार ४५० रूपैयाँ तलबमा उनीहरूले काम गर्दै आएका छन् । वि.सं. २०५२ मा खरीस्वाँरा प्राथमिक विद्यालयका रूपमा सञ्चालित विद्यालयलाई वि.सं. २०५२ मा स्थानीय मिश्र परिवारले एक रोपनी जग्गा दिएपछि उक्त विद्यालय गंगादत्त प्राविमा रूपान्तरण भएको थियो ।

सोही ठाउँका खड्गबहादुर दाहाल र सीता दाहालले माइला छोरा स्व. बुद्धसागर दाहालको स्मृतिमा विद्यालय भवन निर्माणका लागि वि.सं. २०५६ मा जग्गा दान दिएका थिए । स्व. दाहाल भारतीय सेनामा रहँदा वि.सं. २०५५ फागुन ११ गते जागिरकै सिलसिलामा मृत्यु भएको थियो । दाहाल परिवारले छोराको स्मृतिमा एक रोपनी आठ आना जग्गा र १० लाख रूपैयाँ सहयोग गरेको थियो ।

त्यतिबेला बुद्ध दाहाल प्राथमिक विद्यालयको रूपमा सञ्चालित यस विद्यालयमा विद्यार्थी संख्या कम भएपछि वि.सं. २०७१ मा जलदेवी माध्यमिक विद्यालयमा गाभिएको थियो । जलदेवी माध्यमिक विद्यालयमा चारवटा स्रोत केन्द्रमार्फत सुस्त श्रवण भएको व्यक्ति अध्ययन गर्दै आएका थिए । वि.सं. २०७४ असारबाट भने बुद्ध दाहाल बहिरा प्राथमिक विद्यालयको रूपमा हालसम्म सञ्चालित छ । त्यतिबेला विद्यालयमा ३२ जना विद्यार्थी अध्ययनरत थिए । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Livestock Cooperative Association in the Eastern Province

पुर्व स्वीकृति मिति २०७९/११/१९ | LT. No. 281853 | चलानी नं. ६०११९७५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CATTLE HERDER | 1 | 0 | 1200 | ४१९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २८ गते (12nd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com



Government of Madhesh Province

Ministry of Water Supply & Energy Development

## Water Supply and Sanitation Division Office

Division No.2 jaleshwor, Mahottari

### Invitation for Electronic Bids for Different Size Over Head Tank

First Date of publication: 2079/11/21 (5th March 2023)

Water Supply & Sanitation Division Office, Jaleshwor, Mahottari invites electronic bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office, Jaleshwor Mahottari, wssdomahottari@gmail.com, 044520468 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Name of Work | Name Of Project | Bid Fee (Nrs) | Bid Security Amount (Nrs) | Estimate Cost (with VAT & PS) |
|---|---|---|---|---|---|
| 01/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 100 cum | Lakshminiya 6, 7 & 8 | 3000 | 287000.00 | 11714247.59 |
| 02/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 225 cum | Godar Wsp | 3000 | 361000.00 | 14708101.89 |
| 03/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 225 cum | Bateshwar Wsp | 3000 | 361000.00 | 14708101.89 |
| 04/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 100 cum | kemlipur wsp | 3000 | 361000.00 | 14708101.89 |
| 05/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 225 cum | Shantipur wsp | 3000 | 361000.00 | 14708101.89 |
| 06/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 225 cum | Pushpualpur wsp | 3000 | 361000.00 | 14708101.89 |
| 07/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 225 cum | Debpura rupaitha wsp | 3000 | 361000.00 | 14708101.89 |
| 08/NCB/OTH/2079-80/WSSDO-MAHOTTARI | The construction of over Head Tank of 225 cum | Hanspur kathpula wsp Dosro | 3000 | 361000.00 | 14708101.89 |

Division Cheif

# प्रभाव दैनिक

आइतबार, २१ फागुन २०७९ (Sunday, March 05, 2023)


रूपशाला

## पशुपतिको 'कहिले कमाउनी' सार्वजनिक



पैसा कमाउन नसकेको पीडालाई आधार बनाएर नयाँ गीत 'कहिले कमाउनी' सार्वजनिक भएको छ। पशुपति शर्मा, तिलक ओली र कामना ओलीको स्वर रहेको गीतको शब्द र संगीत तिलक ओलीको रहेका छ। गीतको एरेन्ज मिक्सिङ विनोद बाजुरालीले गरेका हुन्। गीतको भिडियोमा पशुपति शर्मा, कामना ओली, वीरेन्द्र ओली, पूर्णिमा जीएम, रमेश शर्मा, राजन मोक्तान,रत्ना भुजेल, कल्पना मल्ल, शरद एल जी,दुर्गा तामाङ र रोजा तामाङको अभिनय रहेको छ। वीरेन्द्र ओलीको निर्देशन रहेको भिडियोमा प्रकाश खड्काको छायांकन, दीपक विष्टको सम्पादन छ। भिडियोको कोरियोग्राफी शरद एल जिले गरेका हुन्।

# 'छक्कापञ्जा-४' लाई सप्ताहन्तमा ३ करोडभन्दा बढीको ओपनिङ




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'छक्कापञ्जा ४'ले घरेलु बक्स अफिसमा पहिलो सप्ताहन्त आक्रामक कमाइ गरेको छ। शुक्रबार र शनिबार ३ करोडभन्दा बढी हाराहारीमा ब्यापार गर्दै फिल्मले नेपाली फिल्मलाई आर्थिकरूपमा चलायमान बनाएको हो। आगामी सोमबार, मंगलबार र बुधबार फागूपर्व र नारी दिवसको सरकारी बिदाले फिल्मको कमाइमा थप उछाल आउने प्रक्षेपण गरिएको छ। वितरक मनोज राठीले पहिलो सप्ताहन्त फिल्मले तीन करोडभन्दा बढी कमाइ गरेको जानकारी दिए।

शुक्रबार १ करोड ओपनिङ गरेको फिल्मले दोस्रो दिन दुई करोडसहित उछाल कमाइ गऱ्यो। शनिबार देशभरका मल्टिप्लेक्सदेखि सिंगल हलहरू शतप्रतिशत रहे। मल्टिप्लेक्सले आइतबारदेखि फिल्मको शोजमा वृद्धि गरेका छन्।

फिल्मको कूल कमाइमा मल्टिप्लेक्स र सिंगल पर्दा दुबैको योगदान उच्च छ। काठमाडौं उपत्यकासहित मोफसलमा समेत फिल्मको कमाइ उच्च देखियो। चलेको ब्राण्ड भएकाले पनि छक्कापञ्जाको ओपनिङ आक्रामक हुने प्रक्षेपण गरिएको थियो।

हेमराज बीसी निर्देशित पल्टिकल र कमेडी ड्रामामा दीपकराज गिरी, दीपाश्री निरौला, बेनिशा हमाल, रमेश बुढाथोकी, बुद्धि तामाङ, केदार घिमिरे, निर्मल शर्मा, नीर शाह, अनुराग कुवँर, राज आचार्य लगायतको शीर्ष भूमिका छ।

## सितापाइलामा नयाँ फिल्म हल

**काठमाडौं (प्रस)–** सितापाइलास्थित अनुपम मलमा सिके सिनेमाज् नामक फिल्म हल सञ्चालनमा आएको छ। निर्माता तथा हल व्यवसायी नरेन्द्र महर्जनले छविलाल तिमिल्सेना, किशोर खतिवडा र विवेक तिमिल्सेनासँगको सहकार्यमा हल ल्याएका हुन्।

हलको चलचित्र विकाश बोर्डका अध्यक्ष भुवन केसी, काठमाडौं क्षेत्र नम्बर ८ सांसद विराजभक्त श्रेष्ठ, नागार्जुन नगरपालिकाकी उपमेयर सुशिला अधिकारीलगायतले उद्घाटन गरेका थिए। कार्यक्रममा बोर्ड अध्यक्ष केसीले फिल्म हल कलाकार र दर्शकको लागि मन्दिर भएको बताए।

अत्याधुनिक सुविधासहित सञ्चालनमा आएको हलमा ३ सय ९१ सिट क्षमता रहेको छ। करिब १२ करोड लगानीमा निर्माण भएको हलमा ७१ र डल्बी एटमोस साउण्ड सिस्टम जडान गरिएको सञ्चालक नरेन्द्र महर्जनले बताए। दुईवटा पर्दा रहेको हलमा शुक्रबारबाट फिल्म 'छड्के २' र 'छक्का पञ्जा ४' रिलिज भएको छ।

## राजुको निर्देशनमा 'कीर्ति' बन्ने

**काठमाडौं (प्रस)–** राजु गिरीको निर्देशनमा फिल्म 'किर्ति' निर्माण हुने भएको छ। सिक्किम फिल्मस् र राजु गिरी प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मका प्रस्तुतकर्ता नविन पाखिन हुन्। केही ग्याङ्स्टार रूपको कथामा निर्माण हुन लागेको फिल्ममा लागि कलाकारको छनोट भइरहेको छ। फिल्ममा नयाँ तथा पुराना कलाकारको अभिनय रहने निर्देशक राजु गिरीले बताए।

काठमाडौं उपत्यकाको अलवा देशको विभिन्न स्थानमा छायाङ्कन हुने फिल्म जेठ १ गतेबाट फ्लोरमा जाने तयारी छ।

# अस्मिताको 'मुखै चिलाउनी'मा पुष्प र गीता



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक रमण रेग्मी र गायिका अस्मिता अधिकारीको स्वर रहेको मुखै चिलाउनी बोलको गीतको भिडियो सार्वजनिक भएको छ।

दीपक शर्माको शब्द तथा संगीत रहेको सार्वजनिक गीतमा नरेन्द्र बियोगीको एरेन्ज रहेको छ। केशव राज भट्टको कोरियोग्राफी तथा निर्देशनमा तयार मुखै चिलाउनी एक प्रेमील जोडीको रोमान्टिक प्रेम कहानी हो हो।

प्रेममा डुबेर खुशी खुशी जिन्दगी बिताउन चहाने प्रेमील जोडीको छमछम नचाउने गीतको कोरियोग्राफी पनि निर्देशक भट्टले नै गरेका हुन्।

जसमा नायक तथा मोडल पुष्प खड्का र टिकटकबाट चर्चा कमाएकी सुन्दरी मोडल गीत ढुंगानाको प्रेम रोमान्स देख्न सकिन्छ।

काठमाडौंको कोटेश्वरका रमणले यसअघि घर त लगनखेल रिमेक, खुला जमिन, मेसो पाछैन, हामी जनतालाई धेरै गाह्रो छ, नेपालै जाउँ जाउँ लाग्छ, लगायतका गीतका भिडियोहरू बजारमा ल्याइसकेका छन्। सार्वजनिक भिडियोको निर्माण सविना कुँवर रेग्मीले गरेकी हुन्।

# निर्देशक एवं अभिनेता चौधरीको निधन



**काठमाडौं (प्रस)–** थारु फिल्मका निर्देशक तथा अभिनेता परशुराम चौधरीको निधन भएको छ। उपचारको क्रममा ४५ वर्षिय थारुको निधन पोर्चुगलको एक अस्पतालमा भएको हो। अस्पतालले उनको मृत्यु हृदयघातबाट भएको जनाएको छ। उनलाई दुई महिनाअघि अस्पताल भर्ना गरिएको थियो।

कमैया नामक डकुमेन्ट्रीमा उनले प्रमुख पात्रको भूमिका निर्वाह गरेका थिए। चौधरीकै अभिनय तथा लगानीमा निर्माण भएको थारु फिल्म बौछार, जीवन एक लदिया हो लगायत हिट भएका थिए।

कराँतेका अन्तर्राष्ट्रिय खेलाडी समेत रहेका चौधरी थारु फिल्मको निर्माण तथा अभिनयबाट चर्चामा आएका थिए। उनी धनगढी उपमहानगरपालिका-१ शिवनगरका बासिन्दा हुन्। सन् २०११ देखि पोर्चुगलमा बस्दै आएका थिए। चौधरीकी आमा, पत्नी र तीन छोरी छन्।

रंगशाला

**सहिद स्मारक 'ए' डिभिजन लिग**

# मनाङ र हिमालयन बराबरी श्रीस्टार र पुलिसले पनि भोगे हार



■ प्रभाव संवाददाता

**काठमाडौं–** सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलको शनिबार तीन खेल भए। ती मध्ये १ मा बराबरी भयो भने २ मा नतिजा निस्कियो। शनिबार भएको मनाङ मर्स्याङ्दी क्लब र हिमालयन शेर्पाबीचको खेल बराबरीमा टुंगिएको थियो भने विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफले बलियो प्रतिस्पर्धी श्रीस्टारलाई पराजित गर्न सफल भयो भने च्यासल खेल मैदानमा भएको डेब्यु खेलमा चर्चले विभागीय टिम नेपाल पुलिस क्लबलाई हरायो।

कीर्तिमानी आठ पटकको च्याम्पियन मनाङ मर्स्याङ्दी क्लब सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलको पहिलो खेलमा बराबरीमा रोकिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको खेलमा मनाङले हिमालयन शेर्पा क्लबसँग १-१ गोलको बराबरी खेलेको हो। प्रतिस्पर्धात्मक खेलमा सुरुआती अग्रता भने मनाङले बनाएको थियो। खेलको १४ औं मिनेटमा रोशन राना मगरको गोलबाट मनाङले सुरुआती अग्रता बनाएको थियो। रोशनको प्रहार हिमालयनका डिफेन्डर संजित राईलाई लाग्दै गोल भएको थियो।

तर, खेलको ८५ औं मिनेटमा सुरेश कुमालले गोल गर्दै हिमालयनलाई १-१ गोलको बराबरीमा ल्याए। दोस्रो हाफमा मैदान छिरेका सुरेशले मनाङका गोलकिपर दीप कार्की अघि बढेको अवस्थामा गोल गरेका थिए। खेलमा मनाङका रोशन म्यान अफ द म्याच चुनिए। यस बराबरीसँगै मनाङले पहिलो खेलमा १ अंक जोडेको छ। हिमालयनले पनि पहिलो खेलमा १ अंकबाट लिगको सुरुआत गरेको छ।

त्यस्तै विभागीय टोली एपीएफ क्लबले सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा विजयी सुरुआत गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार श्री स्टार क्लबलाई २-० गोल अन्तरले हराउँदै एपीएफले सुखद सुरुआत गरेको हो। एपीएफको जितमा मणि कुमार लामा र अर्मान्ड बिडोमले एक एक गोल गरे। तर, एपीएफले गोलका लागि दोस्रो हाफसम्म कुर्नु परेको थियो। खेलको ७२ औं मिनेटमा मणिले फ्रिकिकमार्फत गोल गर्दै एपीएफलाई सुरुआती अग्रता दिलाएका थिए। मणिको फ्रिकिक बल श्री स्टारका गोलकिपर अरुण ब्लोनले समात्न खोज्दा पोस्टको जाली चुमेको थियो। त्यसपछि खेलको ८६ औं मिनेटमा अर्मान्डले गोल गर्दै एपीएफलाई २-० को जित दिलाए। जितसँगै एपीएफले पहिलो खेलमा ३ अंक जोडेको छ। एपीएफले भने हारबाट लिगको सुरुआत गरेको छ।

त्यस्तै नवप्रवेशी क्लब चर्च ब्वाइज युनाईटेडले सहिद स्मारक 'ए' डिभिजन लिगमा विजयी सुरुआत गरेको छ।

च्यासल मैदानमा शनिबार भएको डेब्यु खेलमा चर्चले नेपाल पुलिस क्लबलाई २-१ गोल अन्तरले हराएको हो। चर्चको जितमा आशिष चौधरी र फ्रान्कलिन क्विटे टलाले एक एक गोल गरे। पुलिसका रबि पासवानले एक गोल गरे। खेलमा सुरुआती अग्रता भने पुलिसले लिएको थियो। खेलको १४ औं मिनेटमा रबिले गोल गर्दै पुलिसलाई सुरुआती अग्रता दिलाएका थिए। तर, पहिलो हाफको इन्जुरी समयमा आशिषले गोल गर्दै चर्चलाई १-१ गोलको बराबरीमा ल्याए।

त्यसपछि खेलको ७० औं मिनेटमा फ्रान्कलिनले पेनाल्टीमा गोल गर्दै चर्चलाई २-१ को जित दिलाए। जितसँगै चर्चले पहिलो खेलमै ३ अंक जोडेको छ। चर्च 'बी' डिभिजन लिगको विजेता बन्दै शीर्ष डिभिजनमा उक्लिएको हो। पुलिसले हारबाट लिगको सुरुआत गरेको छ।

आइतबार एनआरटी र सातदोबाटो युथ क्लबबीच च्यासल मैदानमा साढे २ बजे खेल सुरु हुनेछ। त्रिभुवन आर्मी एफसी र संकटा क्लबबीच दशरथ रंगशालमा साढे २ बजे नै खेल सुरु हुनेछ। साविक विजेता मछिन्द्र एफसीले जावलाखेल युथ क्लबसँग दशरथ रंगशालमा साढे ५ बजे खेल्नेछ।

# प्रदेशस्तरीय जुडो सुरु

■ प्रभाव संवाददाता



**बाँके–** बाँकेको डुडुवा गाउँपालिकामा शुक्रबारदेखि दोस्रो लुम्बिनी प्रदेशस्तरीय खुल्ला जुडो प्रतियोगिता सुरु भएको छ। डुडुवा गाउँपालिकाकाको समन्वयमा शहिद स्मारक माबिको प्रांगणमा कम्दी जुडो डोजो क्लबको आयोजनामा उक्त प्रतियोगिता सुरु भएको हो।

प्रतियोगितालाई डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र कुमार चौधरीले उद्धाटन गरेका छन्। सो क्रममा उनले खेल क्षेत्रले सकारात्मक प्रतिस्पर्धाको भावना जागृत गर्ने भन्दै गाउँपालिका सहकार्य गर्न तयार रहेको बताए।

खेलकुदमार्फत देशलाई बिश्वमै चिनाएको र यसले देशको प्रतिष्ठा बनाउन पनि मद्दत पुर्याउने भएकाले पालिका यस्ता गतिबिधिका लागि गम्भीर रहेको बताए। उद्घाटन कार्यक्रममा वडा नं ५ का वडा अध्यक्ष झंक बहादुर थापा, वडा नं ४ का वडा अध्यक्ष सगिर खाँ, इलाका प्रहरी कार्यालय कम्दीका प्रमुख बिष्णु शाही, जुडोका संस्थापक नोम बहादुर थापा लगायतको उपस्थिति रहेको थियो।

लुम्बिनी प्रदेशका चार जिल्लाको खेलाडीहरूको सहभागिता रहेको कम्दी जुडो डोजोका अध्यक्ष एव प्रशिक्षक पदम बहादुर बुढाथोकीले बताए। प्रतियोगितामा महिला पुरुषतर्फ ६ ६ बिद्यामा प्रतिस्पर्धा हुँदैछ। शनिबार समापन हुने प्रतियोगितामा महिलातर्फ ४०, ४४, ४८, ५२, ५७ केजी र खुल्ला तौल समूह तथा पुरुषतर्फ ४०, ४५, ५०, ५५, ६० केजी र खुल्ला तौल समूहमा प्रतिस्पर्धा हुने अध्यक्ष बुढाथोकीले जानकारी दिए। लुम्बिनी प्रदेशको बाँके, बर्दिया, दांङ, कपिलबस्तु र बाँकेको खजुरा, नेपालगञ्जका बिभिन्न स्थानमा रहेका एक सय ३० जना खेलाडीहरूको सहभागिता रहेको छ।

# जुनियर कबड्डीमा नेपाललाई कास्य

■ प्रभाव संवाददाता



**काठमाडौं–** इरानमा भइरहेको दोस्रो विश्व जुनियर कबड्डी च्याम्पियनशीपमा नेपालले ऐतिहासिक कास्य पदक जितेको छ।

समूह चरण पार गर्दै सेमिफाइनलसम्म पुगेको नेपाल र पाकिस्तानले संयुक्त रूपमा कास्य पदक जितेको हो। क्वाटरफाइनलमा इराकमाथि ६४-६३ को रोमाञ्चक जित निकालेको नेपाल सेमिफाइनलमा आयोजक इरानसँग ६०-३७ ले पराजित भएको थियो।

त्यसअघि समूह डी मा नेपालले जर्जियालाई ८४-१७ ले पराजित गरेको थियो भने पाकिस्तानसँग ६१-४१ ले पराजित भएको थियो। च्याम्पियनशीपको उपाधिका लागि घरेलु टोलीले इरान र भारतबीच प्रतिस्पर्धा हुनेछ।

# विश्व बैंकले भारतलाई एक अर्ब डलर स्वास्थ्य ऋण दिने

**नयाँ दिल्ली–** विश्व बैंकले भारतलाई महामारीको पूर्वतयारी र स्वास्थ्य सेवा प्रवाहमा वृद्धिका लागि देशको स्वास्थ्य क्षेत्रमा सहयोग गर्न एक अर्ब अमेरिकी डलर ऋण उपलब्ध गराउने भएको छ । भारत सरकार र विश्व बैंकबीच शुक्रबार हस्ताक्षर भएको सम्झौतामा दुई फरकफरक ५० करोड अमेरिकी डलरको ऋण समावेश गरिएको छ ।

हरेकले दुई परियोजनाहरूलाई समर्थन गर्न, सार्वजनिक स्वास्थ्य प्रणाली महामारी तयारी कार्यक्रम र उन्नत स्वास्थ्य सेवा वितरण कार्यक्रमका लागि काम गर्ने बताइएको छ ।

'यी दुई परियोजनाले भविष्यमा हुने महामारीविरुद्ध देशको स्वास्थ्य प्रणालीको लचिलोपन र तयारी बढाउने भारतको निर्णयलाई समर्थन गरिरहेका छन्,' बैंकका भारतस्थित कन्ट्री डाइरेक्टर अगस्टे तानो कोउमले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ ।

विश्व बैंकका अनुसार, ५० करोड डलरको महामारी तयारी कार्यक्रमले सम्भावित अन्तर्राष्ट्रिय चासोका महामारीहरू पत्ता लगाउन र रिपोर्ट गर्न, द्रुत प्रतिक्रिया सुनिश्चित गर्न र रोगजन्यहरू समस्याहरूको उदय रोक्नका लागि भारतको निगरानी प्रणाली तयार गर्न भारत सरकारको प्रयासलाई समर्थन गर्नेछ ।

यसले जुनोटिक रोगलगायतका भाइरस पत्ता लगाउने भारतको क्षमतालाई पनि बढाउनेछ यसले भारतको जैवीक-सुरक्षा प्रतिक्रिया र संक्रामक रोगहरूको रोकथाम, पहिचान वा उपचारका लागि नयाँ प्रविधिहरूको व्यावसायीकरणलाई सूचित गर्नेछ ।



परियोजनाले कार्यक्रम कार्यान्वयन गर्न र उच्च गुणस्तरको परिणामहरू प्रदान गर्न विशेष सार्वजनिक स्वास्थ्य संस्थाहरूको समन्वय र संस्थागत क्षमता निर्माण गर्न प्रयास गर्नेछ । ऋणले आन्ध्र प्रदेश, केरला, मेघालय, उडिसा, पञ्जाब, तमिलनाडु र उत्तर प्रदेश गरी सात राज्यहरूमा स्वास्थ्य सेवा प्रवाहलाई प्राथमिकता दिने भारत सरकारको प्रयासलाई सहयोग गर्नेछ ।

यस सहयोगले पुनः डिजाइन गरिएको प्राथमिक स्वास्थ्य सेवा मोडेलमार्फत सेवा प्रवाहलाई सुदृढ पार्नेछ र हेरचाहको गुणस्तरमा सुधार ल्याउनेछ । साथै, कार्यान्वयन क्षमतालाई सुदृढ गर्दै स्वास्थ्य क्षेत्रको प्रशासन र जवाफदेहितालाई रूपान्तरण गर्नेछ । यी दुई कर्जाको अन्तिम परिपक्वता अवधि १८.५ वर्ष रहेको छ र यसमा पाँच वर्षको अवधि थप हुनसक्नेछ । *रासस/सिन्ह्वा*

# मलेसियामा बाढीका कारण ४० हजारभन्दा बढी विस्थापित

**क्वालालम्पुर–** मलेसियाको जोहोर राज्यमा आएको बाढीका कारण शनिबारसम्म ४० हजारभन्दा बढी मानिस विस्थापित भएका सरकारी तथ्यांकले देखाएको छ । समाज कल्याण विभागका अनुसार जोहोरमा मात्रै ३७ हजारभन्दा बढीलाई बाढी राहत केन्द्रमा सारिएको छ ।

प्रायद्वीपीय मलेसियाको पाहाङ, नेगेरी सेम्बिलान, मलक्का राज्यमा न्यून संख्यामा उद्धार गरिएको छ । गत बुधबार जोहोरमा बाढीको पानीले बगाएको कारभित्र एक व्यक्ति मृत अवस्थामा फेला परेको थियो ।

त्यसपछि जोहोरको सेगामत जिल्लाका प्रहरी अधिकारी अहमद जामरी मरिन्साहले थप दुई जनाको मृत्यु भएको पुष्टि




गरेका छन् । अग्नि तथा उद्धार विभागका उपमहानिर्देशक एडविन गालान टेरुकीले प्रभावित क्षेत्रको भ्रमणपछि जोहोरमा बाढी नियन्त्रणका लागि हेलिकप्टर र थप उद्धार डुंगा पठाइएको जानकारी दिए ।

देशैभर बाढीको अवस्था बिग्रिएमा थप जनशक्ति र उपकरण परिचालन गर्न विभाग तयार रहेको तेरुकीले बताए । यसैबीच, मौसम विभागले सप्ताहन्तमा निरन्तर भारी वर्षा हुने चेतावनी दिएको छ र सर्वसाधारणलाई चेतावनीलाई सावधानीपूर्वक लिन आग्रह गरेको छ । *रासस/सिन्ह्वा*

# तेलको पाइपलाइन विष्फोट हुँदा १२ जनाको मृत्यु

**अबुजा–** नाइजेरियाको दक्षिणी राज्य रिभर्समा तेलको पाइपलाइन विष्फोटमा शुक्रबार बिहान कम्तीमा १२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । नदीको इमुओहा स्थानीय सरकारी क्षेत्रको रुमुएक्पे समुदायमा स्थानीय बासिन्दाले पाइपलाइनबाट तेल निकाल्ने क्रममा विष्फोट भएको रिभर्सका प्रहरी प्रवक्ता ग्रेस इरिन्गो-कोकोले विज्ञप्ति जारी गर्दै उल्लेख गरेका छन् ।

अहिलेसम्म सो घटनामा १२ जना जलेर मृत्यु भएको विश्वास गरिएको छ । यद्यपि, पीडितको परिचय भने खुल्न सकेको छैन । यसैबीच स्थानीयवासीले पाइपलाइनबाट इन्धन निकाल्न प्रयोग गर्ने पाँचवटा सवारीसाधन र चारवटा ट्राइसाइकल विष्फोट भएको ठाउँमा जलेर खरानी भएको पनि प्रहरी प्रवक्ताले बताए ।

स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त घटना शुक्रबार बिहानै पाइपलाइनबाट सिफन गरिएको कच्चा तेलले भरिएको बस सो क्षेत्रको अवैध रिफाइनिङ प्वाइन्टतर्फ जाने क्रममा आगोमा परेको थियो र सो दुर्घटना भएको थियो । नाइजेरियामा तेलका पाइपलाइन तोडफोड र तेल चोरी बारम्बार दोहोरिरहने घटना हुन् । *रासस/सिन्ह्वा*

## जातीय भेदभावमा परेका अश्वेत महिलालाई मुटुरोगको सम्भावना बढी

**वासिङ्टन–** रोजगारी, आवास र प्रहरीसँगको अन्तरक्रियालगायतका विभिन्न सन्दर्भमा जातीय भेदभावको अनुभव गरेका अश्वेत महिलालाई अन्य महिलाको तुलनामा हृदयाघात हुने सम्भावना २६ प्रतिशत बढी रहेको एक अनुसन्धानले जनाइएको छ ।

संरचनात्मक जातिवादले समाजमा विद्यमान विभेदको शिकार विभिन्न स्तरमा जरा गाडेर बसेको देखाएको छ । शिक्षा, रोजगारी, स्वास्थ्य सेवा र फौजदारी न्याय प्रणालीमार्फत पनि नजानिदो गरी जातीय भेदभावलाई बढावा दिने प्रवृत्ति विद्यमान रहेको पनि अनुसन्धानले देखाएको छ ।

'जातिवादजस्ता दीर्घकालीन मनोसामाजिक तनावले रक्तचाप र हृदयरोगका लागि अन्य जोखिमको स्तर बढाउँछ,' बोस्टन विश्वविद्यालय चोबानियनका चिकित्साशास्त्रका सहायक प्राध्यापक एवम् अनुसन्धाता शानशन शेहीले उल्लेख गरेका छन् । यस्ता अनुसन्धानले जातीय विभेदको विभिन्न पक्षलाई उजागर गर्ने गरेको पाइएको छ । *रासस/सिन्ह्वा*

# अमेरिकी र रुसी विदेशमन्त्रीबीच भेट

**नयाँदिल्ली–** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र रुसी विदेशमन्त्री सर्गेई लाभरोभबीच करिब एक वर्षको अन्तरालमा भेटवार्ता भएको छ । रुस-युक्रेन युद्ध संकट बढेपछि रुस र अमेरिकाबीच तीक्ततापूर्ण सम्बन्ध रहेकामा बिहीबार दुई देशका विदेशमन्त्रीबीच पहिलोपटक आमनेसामने कुराकानी भएको बताइएको छ ।

भारतको अध्यक्षतामा नयाँ दिल्लीमा जारी जी-२० देशका विदेशमन्त्रीको बैठकमा उक्त संक्षिप्त भेटवार्ता भएको हो । करिब १० मिनेटसम्म चलेको वार्तामा सामान्य कुराकानी भएको बताइएको छ ।

'लाभरोभले जी-२० को दोस्रो सत्रको बीचमा संक्षिप्त भेट गर्नुभएको हो । यद्यपि, त्यहाँ कुनै वार्ता वा वास्तविक बैठक भएन,' द टाइम्स अफ इन्डियाले एक



रूसी अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

अमेरिकी विदेश मन्त्रालयका अनुसार वार्तालापको क्रममा ब्लिन्केनले रुसलाई विशेष सैन्य कारबाही अन्त्य गर्न र अर्थपूर्ण कूटनीतिमा संलग्न हुन, नयाँ रणनीतिक हतियार कटौती सन्धि कार्यान्वयनमा फर्कन र जेलमा बन्दी रहेका पूर्वअमेरिकी मरीन पल ह्वेलनलाई रिहा गर्न आग्रह गरेको छ ।

रुसी पक्षले अमेरिकाको व्यवहार विश्वसनीय नभएको भन्दै अमेरिकी आग्रह स्वीकार्न अप्ठेरो भएको बताएको तास समाचार एजेन्सीले जनाएको छ । *रासस/सिन्ह्वा*

# पाकिस्तानी रुपैयाँ फेरि बलियो बन्दै

**इस्लामावाद–** अमेरिकी डलरको तुलनामा पाकिस्तानी रूपैयाँमा ठूलो गिरावट आएपछि शुक्रबार अन्तरबैंकमा २७८.४६ रूपैयाँमा कारोबार भइरहेको स्टेट बैंक अफ पाकिस्तानले जनाएको छ ।

बिहीबार अमेरिकी डलर २८५.०९ रूपैयाँमा कारोबार बन्द भएको थियो । साताको अन्तिम दिन अमेरिकी डलरको तुलनामा स्थानीय मुद्राको भाउ ६.६३ रूपैयाँ अर्थात् २.३८ प्रतिशतले बढेको छ ।

सिन्ह्वासँग कुरा गर्दै पाकिस्तानी वाणिज्य बैंक सिल्क बैंकका ट्रेजरी प्रमुख रेहान अतीकले अघिल्लो सत्रमा ग्रीनब्याकको मूल्यमा भएको व्यापक वृद्धिले निर्यातकर्तालाई आफ्नो डलर बजारमा बेच्न प्रोत्साहित गरेको र त्यस कदमबाट स्थानीय मुद्रामा सुधार आएको हो ।



पाकिस्तानको विदेशी मुद्रा संघका प्रमुख मलिक बोस्तानका अनुसार बजारमा देकिएको अस्थिर प्रवृत्तिको मुख्य कारण पाकिस्तानको अन्तर्राष्ट्रिय मुद्रा कोष कार्यक्रमको वरिपरि बढ्दै गएको अनिश्चितता नै हो । *रासस/सिन्ह्वा*


## NEPAL RED CROSS SOCIETY

## TENDER NOTICE

**Date of Publication: 5 March, 2023**

The Nepal Red Cross Society invites sealed tenders from manufacturers/reputed firms/suppliers for the supply of following materials for the **distribution to the disaster victims in Nepal.**

| S.N. | Item Description | Quantity | Unit |
|---|---|---|---|
| 1. | Blanket | 788 | Pieces |
| 2. | Plastic Tarpaulin | 788 | Pieces |

Tender documents with quantity and detail specification of materials to be supplied can be purchased from Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu during office hours in working days from **5 march, 2023 to 19 March, 2023** with written request application against payment of Rs. 2,000/- (non-refundable). The tender document is non-transferable. Tender must be submitted by the same person/company who has purchased it.

The bidders should submit their sealed tender with sample of the materials between **10.00 hrs. to 13.00 hrs. up to 20 March, 2023** to Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu and must be marked "Tarpauline and Woolen Blanket -2023." The unsealed tenders and the tenders after the submission deadline will not be accepted. The bidders are responsible to submit the tenders on time and in the manner required in the tender documents.NRCS bears no responsibility for the costs and the delay for submission of the tender.

The sealed tender received will be opened on 20 March, 2023, at NRCS, National Headquarters, Kalimati, Kathmandu at 14:00 PM. Any discount, increase or decrease in price will not be accepted after opening of sealed tender.

The bidder(s) must deposit 2.5 %(two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17-0002089-33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd., Baneshwor, Kathmandu, Bank Demand Draft payable in favor of the said account or Bank Guarantee with minimum validity of 90 days at the submission of the bids. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the purchase agreement.

NRCS reserves the right to accept or reject in part/or whole of any tender without assigning any reason whatsoever and will not be obligated to accept the lowest offer. Priority will be given to the Local Manufacturers. Only technically qualified firms will be selected for final selection process.

**Nepal Red Cross Society**
**National Head Quarters**
**Red Cross Marga, Kalimati,**
**Kathmandu, Nepal, Phone: 4270167/4270650**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०२५०० | प्रति तोला - १०२००० | प्रति तोला - १२७५ |



**चैते धानका लागि ब्याड** | नुवाकोटको लिखु गाँउपालिका-१ चौघडाको तल्लो फाँटमा किसानले राखेको धानको बीउ ।

*तस्बिर: रामहरि न्यौपाने, रासस*

# अवैध व्यापारले नेपाली उद्योगी व्यवसायी संकटमा

■ प्रभाव संवाददाता

**भैरहवा-** रूपन्देहीका उद्योगी व्यवसायीले खुला सिमाका कारण व्यवसायमा ठूलो असर परेको बन्दै केन्द्रिय स्तरबाट सिमा व्यवस्थापन गर्नुपर्ने बताएका छन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देहीको ६४ औं वार्षिक साधारणसभाको अवसरमा बोल्दै उद्योगी व्यवसायीहरूले अहिले को विषम परिस्थितीमा पनि सरकारले उद्योगी व्यवसायीलाई नजरअन्दाज गर्दै हेर्ने दृष्टिमा परिवर्तन नआएको बताए । उनीहरूले खुला सिमामका कारण भइरहेको अबैध कारोबारले नेपाली उद्योगी व्यवसायी संकटमा परेकोले सिमा नाकालाई व्यवस्थित गर्दै सिमाबाट हुने अबैध व्यापारले सिमावारिका बजारका व्यवसायीहरूलाई पारेको प्रभावलाई कम गर्ने गरी ठोस नीति अवलम्वन गर्नुपर्ने बताए ।

नियमपूर्वक भन्सार गरेर आएका सामानले अबैध समानासँग प्रतिस्पर्धा गर्न असम्भव भएकोले बेलहिया भन्सार नाकालगायत जिल्लाको प्रत्येक खुला सिमाना र नवलपरासी तथा कपिलवस्तु जिल्लाको सिमानाबाट समेत बढी संख्यात्मक मात्रामा अबैध सामान भित्रिदा एकातिर सीमा वारीका व्यवसाय शुन्य भएको र सरकारको राजश्व समेत कम उठेकोले यस्मा सरकार गम्भीर हुनुपर्ने बताए । सम्भावना देखेर राज्यले गरेको लगानी भन्दा बढि कयौं गुणा लगानी निजी क्षेत्रले जोखिम मोलेर गरेपनि सरकारको उदासिनताका कारण निजी क्षेत्रको लगानी धरापमा पर्ने गरेको उनीहरूले बताए ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथी नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले अहिले केही समय आर्थिक अवस्थामा संकट परेकोले सधै यस्तै नरहने औल्याउदै उद्योगी व्यवसायी नआत्ति धैर्य गर्न आग्रह गरे । नेपालको अर्थतन्त्र जोगाउन तत्काल बजारमा तरलता प्रवाह आवश्यक रहेको बताउदै उद्योगी व्यवसायीको हकहितमा महासंघ लागिपर्ने भएकोले बैंकहरूले बचतमा ब्याजदर बढाएकै कारणले अहिलेको अवश्था आएकोले घटाउने तर्फ महासंघ लागेको बताए । हामीले पटक पटक बचतमा ब्यजदर नबढाउन माग गरिरहेका छौ अहिले बैंकको ब्याज नतिर्ने भन्ने सन्देश जनस्तरमै गएको बताउँदै उनले निजि क्षेत्र यसमा नलाग्न आग्रह गरे ।

उत्पादनमूलक व्यवसायलाई अन्य उद्योग भन्दा कम व्याजदरमा कर्जा प्रवाह गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्ने, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र औद्योगिक विकास र उत्पादनमूलक उद्योग स्थापनामा सरकारबाट ठोस कदम चाल्नुपर्ने, राष्ट्रबैंकको यर्थाथपरक नितिको अभावले कर्जा र तरलतामा समस्या देखिएकोले ध्यान दिनुपर्ने, बैंक तथा वित्तिय संस्थाद्वारा कर्जाको व्याजदरमा मनोमानी तवरले वृद्धि गर्दै आएका छन् यसलाई नियन्त्रण गर्नुपर्ने, पर्यटकीय हिसाव तथा अन्तराष्ट्रिय बिमानस्थल संचलानलाई मध्येजनजर गरी रूपन्देही जिल्ला भित्र रात्रीकालीन बजार एवम् सवारी साधन सञ्चालनको व्यवस्थित गर्नुपर्ने, स्थानीय, प्रादेशीक एवं संघिय सरकारद्वारा लागू गरिएका कर एकीकृत रूपमा एकद्वार प्रणालीमार्फत दाखिला गर्ने व्यवस्था मिलाइउनु पर्ने व्यावसायीको माग छ ।

जिल्ला सदरमुकाममा रहेको भीम अस्पतालको सेवा प्रवाह र आवश्यक पूर्वाधार तथा थप स्तोरउन्नती सहित कम्तीमा १५० सैयाको अस्पतालको रूपमा विकसित गरी अन्तराष्ट्रिय विमानस्थलको दिगो संचालन, लुम्बिनीको पर्यटकिय विकास एवं यस क्षेत्रको समग्र आर्थिक विकासको लागि विमानस्थल निरन्तर सञ्चालन र राष्ट्रिय ध्वजावाहक विमानहरूबाट उडान सञ्चालन गर्न जोड दिए । निर्माणको सुरुवात हुन लागेको आएसीपी छिटोभन्दा छिटो सम्पन्न गर्नका लागि पहल गर्नुपर्ने, निर्माणजन्य सामाग्री उत्खनन् गरी निर्यातबाट देशको बढ्दो व्यापार घाटामा कमी ल्याउन सकिने भएकोले यसतर्फ पनि सरकारले ध्यान दिनु पर्ने अध्यक्ष न्यौपानेले भने ।

# मर्दी पदयात्रामा केन्द्रीय प्रसारणलाइन

■ प्रभाव संवाददाता

**कास्की-** जिल्लाको उत्तर पश्चिममा रहेको मर्दी हिमाल पदयात्रा विश्वमै प्रख्यात छ । दशकअघिसम्म गुमनामजस्तै रहेको माछापुच्छ्रे गाउँपालिकामा पर्ने यो 'ट्रेकिङ रुट' पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा छ । हाल मर्दीमा क्षेत्रभरिका पर्यटक भेटिन्छन् । पर्यटकलाई सेवा दिन यहाँ सानाठूला गरी ८० होटल तथा रेष्टुरेन्ट खुलेका छन् ।

बर्सेनी पर्यटक वृद्धि भए पनि पर्यटकले विद्युत्, इन्टरनेट र टेलिफोनको सुविधा पदयात्रामा पाउन सकेका छैनन् । मर्दीमा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइन अझै पुग्न नसक्दा बत्ती बाल्नदेखि लिएर मोबाइल चार्ज गर्न समस्या छ ।

मर्दीको कालीमाटी र घलेल तथा प्रितम देउरालीसम्म मात्र अहिले प्राधिकरणको विद्युत् सेवा पुगेको छ । त्यसबाट पर्यटकले हैरानी पाउने गरेका छन् । बिजुली बत्ती नहुनु मर्दीको प्रमुख समस्या हो । मर्दी क्षेत्रका पर्यटन व्यवसायी, गाउँपालिका लगायतको प्रयासपछि अब भने मर्दी पदयात्रामा प्राधिकरणले केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारको तयारी गरेको छ ।

मर्दीको माथिल्लो क्षेत्रसम्मै बिजुली पुऱ्याउनका लागि नेपाल विद्युत् प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयले ठेक्का आह्वान गरेर सम्झौताको तयारी भएको माछापुच्छ्रे-८ का वडाध्यक्ष राम गुरुङले बताए । उनले भने, 'हामीले लामो समयदेखि मर्दीमा विद्युतीकरणका लागि माग गरेका थियौं, अहिले केन्द्रीय प्रसारण लाइनबाट बिजुली विस्तारका लागि प्राधिकरणबाट ठेक्का आह्वान भएर केही दिनमा खुल्दैछ, मर्दीको पर्यटनमा यसले ठूलो योगदान पुग्नेछ ।'

विद्युत् विस्तारका लागि माछापुच्छ्रेको सिदिङ वा कालीमाटीको ट्रान्सफर्मरबाट माथिल्लो क्याम्पसम्म हाइटेन्सनमार्फत लैजाने गरी पोखरा वितरण केन्द्रले गत वर्ष अध्ययन गरे पनि काम सुरु भएको थिएन । यस वर्षको सुरुआतमै प्राधिकरणले प्राथमिकतामा राखेर काम अघि बढाएको थियो ।

# 'हिमालयन इन्क्युबेटर' सुरु




**काठमाडौं (प्रस)-** हिमालयन बैंकको सब्सिडरी कम्पनी हिमालयन क्यापिटल लिमिटेडले 'हिमालयन इन्क्युबेटर' सुरु गरेको छ । प्रविधि स्टार्टअपको रूपमा ल्याइएको यसले उद्यमीलाई निःशुल्क वर्कस्पेस, तालिम र मार्गदर्शन उपलब्ध गराउने कम्पनीले जनाएको छ ।

यसबाट 'स्टार्टअप'हरूले संस्थाको परामर्श र अनुसन्धान विभागबाट निरन्तरको अर्न्तक्रिया र मार्गदर्शन पाउने जनाइएको छ । स्टार्टअपहरू र उद्यमीहरूलाई कम्पनी सञ्चालनसम्बन्धी संरचनागत तालिमहरू, व्यवसायको मोडल, लगानी वृद्धिका उपाय यसले सुझाउनेछ ।

इन्क्युबेटर स्टार्टअपका माध्यमबाट उद्यमीलाई लगानीकर्ता, आपूर्तिकर्ता, ग्राहक र अन्यसँग नेटवर्क बनाउन र जोड्न प्लेटफर्म प्रदान गरिने कम्पनीले जनाएको छ । यसले कम्पनीहरूलाई प्रभावकारी नेटवर्क बनाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा एक्सपोजर पाउन सहज हुने कम्पनीको विश्वास छ । इन्क्युबेटर प्रोग्राम पूरा गर्ने स्टार्टअपहरूलाई हिमालयन क्यापिटल लिमिटेडले मान्यता दिनेछ भने आफ्नो व्यवसाय उपक्रममा लगानीका लागि समेत सहयोग गर्नेछ । इच्छुक स्टार्टअपहरू र उद्यमीले कम्पनीको वेबसाइटबाट फाराम भरेर सहभागी हुनसक्ने छन् ।

# सेयर बजारप्रतिको रुचि बढ्दै

**नेपालगञ्ज-** पश्चिम नेपालको आर्थिक केन्द्र मानिएको नेपालगञ्जमा सेयर बजारप्रतिको रुचि बढ्दै गएको छ । स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीदेखि वैदेशिक रोजगारीमा संलग्न युवा र गृहिणीले यहाँ सेयर कारोबार गरेको ब्रोकर कार्यालयले जनाएको छ ।

'सुरु-सुरुमा हामीले शाखा स्थापना गर्दा नेपालगञ्जमा पनि सेयर बजार हुन्छ भन्ने कुराको विश्वास थिएन तर अहिले २५ हजारको हाराहारीमा सेयर कारोबार गर्ने छन्,' इम्पेरियल सेक्युरिटिज कम्पनी प्रालि नेपालगञ्जका प्रमुख उदय अधिकारी भन्छन् । उनले स्थापनाकालमा घर-घरमा पुगेर बैंक र डिम्याट खाता खोल्न प्रोत्साहित गरेको र त्यसबाट प्रभावित भएर आठ हजार हाराहारीमा खाता खोलिएको जानकारी दिँदै प्राथमिक निष्कासन (आइपिओ)परेर त्यसलाई बजारमा बेच्न खोज्नेको बाहुल्य रहेको तर दोस्रो बजारमा कारोबार गर्नेको सफ्या कम भएको बताए ।

सेयर कारोबारका विषयमा एउटा घरमा एक जनालाई जानकारी भएपछि उसकै आधारमा सबै सदस्यले र आफन्तको समेत गरेर २५ जनासम्मको सेयर कारोबार गर्ने प्रवृत्ति रहेको उनको भनाइ छ । अधिकारीले खासगरी विद्यार्थीले आफ्नो आइपिओमार्फत परेको सेयरबाट कलेजको शुल्क तिर्ने र खाजा खर्च चलाउने गरेको बताए । सेयर कारोबारबाट केही विद्यार्थीले यस्तो लाभ लिन थालेपछि अन्यले पनि यसको सिको गरेको पाइएको छ । यसमा स्नातक तहका व्यस्थापन पढ्ने विद्यार्थी सेयर कारोबारमा बढिरहेका छन् । यसबाहेक, शिक्षा, मानविकी, वाणिज्य सङ्कायका विद्यार्थीले समेत सो कारोबार गरेका छन् ।

उनले कोरिया, कुवेत, जापान र खाडी मुलुकमा वैदेशिक रोजागारीमा गएकाले नेपालगञ्जको सेयर बजारमा उत्साहजनक लगानी गरेको उल्लेख गर्दै सबैभन्दा बढी खाडी मुलुकमा गएकाको सेयर लगानी बढी भएको बताए । यस्तो लगानी गर्नेमा पुरुषसँगै महिलाको संख्या पनि कम नभएको बताइएको छ । वैदेशिक रोजगारीमा गएकाले अनलाइनमार्फत धेरै कारोबार गर्ने गरेको पाइएको छ ।

ब्रोकरमार्फत विभिन्न स्कुल र कलेजमा गएर वित्तीय साक्षरताका कार्यक्रम अघि बढाएको उल्लेख गर्दै अधिकारीले यस वर्ष बाँकेका पाँच र बर्दियाका चार कलेजमा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरेको बताए । त्यसबाट सेयर बजारको दोस्रो बजारमा कारोबार गर्ने विषय थाहा नभएकाले त्यसबारमो पनि चर्चा चलाइएको छ ।

'अहिले पछिल्लो समय दोस्रो बजारमा कारोबार गर्नेको सफ्या पनि बढेको छ,' उनले भने । बजार घट्दा कारोबार तथा संख्या कम हुन्छ र सूचक घटेकाले मनोबल पनि घट्छ यस्तो बेला लगानीकर्तालाई आत्तिन नहुनेमा जोड दिँदै राजनीतिक अस्थितरताको अन्त्य हुनेबित्तिकै बजारले लय समात्ने अधिकारीले विश्वास व्यक्त गरे ।

उनले बजारको 'इन्डेक्स' न्यूनतम अवस्थामा रहेको औल्याउँदै दीर्घकालीन लगानीकर्तालाई अहिले पनि लगानीको अवसर भएको बताए । 'मेरो विचारमा अहिले लगानी गर्ने राम्रोसँग लाभान्वित हुन्छन्,' अधिकारी भने ।

सेयर लगानीकर्ता शिव सुवेदीले राष्ट्र बैंकको गलत नीतिका कारण सेयर बजार उकालो लाग्न नसकेको आरोप लगाउँदै ठूला लगानीकर्ताले बजारमा चलखेल गरेको बताए । उनले एक दिन बजार बढाउने र त्यसमा साना लगानीकर्ता फस्ने गरेको अनुभव सुनाए । 'राजनीतिक स्थायित्वमात्रै भए पनि बजार बढ्नमा सहयोग हुन्छ,' उनले भने । विस २०७३ मा नेपालगञ्जमा इम्पेरियल सेक्युरिटिज प्रालि पहिलोपटक स्थापना भएको थियो । त्यसपछि कालिका सेक्युरिटिज प्रालिसहित दुई ब्रोकर कार्यालय रहेका छन् । यहाँ बाँके, बर्दिया, दाङ, कैलाली, कालिकोट, जुम्लालगायतका जिल्लाबाट सेयर कारोबार गर्न लगानीकर्ता आउँछन् । कुनै बेला रु २७ करोडसम्म कारोबार गरेको इम्पेरियल सेक्युरिटिजले अहिले पनि रु एक करोडदेखि रु एक करोड ५० लाखसम्म दैनिक कारोबार भएको दाबी गरेको छ । *रासस*

**समयमै कर तिरौं**

- आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
- राज्य सञ्चालनमा सहयोग गरौं ।
- नागरिक कर्तव्य पूरा गरौं ।

**जनताबाट उठाइएको करः**

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा सञ्चालन,
- सामाजिक सुरक्षा प्रदान,
- वैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ